# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ०४ | काठमाडौं | आइतबार, १४ वैशाख २०८२ | Prabhab National Daily | Sunday, April 27, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# देउवाको बोलीले ढुक्क ओली

- देउवाले सरकार ढल्दैन भन्दा ओली विश्वस्त
- माओवादी अध्यक्ष दाहाल सरकार ढल्ने भनाइ दोहोऱ्याइरहँदा र कांग्रेसकै नेताहरूले सरकारको आलोचना गर्दा ओली आत्तिएका थिए
- सरकार ढल्छ भन्ने नेताहरू फत्रक्क परेको ओलीको टिप्पणी
- विद्यालय शिक्षा र संघीय निजामती विधेयक छिटो निष्कर्षमा पुऱ्याउन पहल गर्ने एमाले संसदीय दलको निर्णय



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नयाँ वर्षको दिन र त्यसपछि लगातार नयाँ सरकार बन्ने दाबी गरे । दाहालको दाबीलाई बल पुग्नेगरी कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापादेखि अन्य नेताहरूले पनि कांग्रेस समर्थित ओली सरकारको विकल्प खोज्ने आशयका अभिव्यक्ति दिए ।

दाहाल र कांग्रेसका असन्तुष्ट नेताहरूको अभिव्यक्तिले प्रधानमन्त्री केपी शर्मा ओली आत्तिएका थिए । तर, शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवा थाइल्याण्डको बैंककबाट फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूले सरकार ढल्छ ? भनेर प्रश्न सोध्दा देउवाले सरकार नढल्ने जवाफ दिए ।

देउवाको यो भनाइले प्रधानमन्त्री ओली ढुक्क देखिएका छन् । पार्टी संसदीय दलको बैठकमा शनिबार उनले सरकार नढल्ने देउवाको अभिव्यक्तिले दाहालसहितका विपक्षी नेताहरू फत्रक्क परेको टिप्पणी गरे । दाहाललाई लक्षित गर्दै उनले पुर्पुरोमा हात हालेर थचक्कै ढलेको कटाक्ष गरे । 'शेरबहादुरजीले हिजै (शुक्रबार) जवाफ दिनुभयो । त्यसपछि पुर्पुरोमा हात लगाएर विचराहरू थचक्क बसे । सरकार ढल्दैन भनेपछि थुचुक्कै हुँदा रहेछन्, पुर्पुरोमा हात लगाएर,' उनले बैठकमा भने ।

क्रमशः पृष्ठ २ मा

# फकिएनन् शिक्षक, फर्किएनन् विद्यालय



हाम्रा माग मन्त्रीलाई सुनायौं । उहाँबाट माग सम्बोधन हुने ग्यारेण्टी खोजेका छौं । शिक्षा ऐन संसद्‌बाट छिटो पारित हुने ग्यारेण्टी खोजेका छौं तर त्यस्तो वातावरण अहिल्यै बनेको छैन । ठोस निकास आउने अवस्था देखिएको छैन ।

■ **नानुमाया पराजुली**
संयोजक, शिक्षक आन्दोलन



तस्बिर: सामाजिक सञ्जाल

■ **जेबी योञ्जन**

**काठमाडौं–** देशभरिबाट संघीय राजधानी काठमाडौं आएका शिक्षकहरू 'विद्यालय शिक्षा विधेयक, २०८०' संसद्‌बाट जारी भएपछि मात्रै विद्यालय फर्किने अडानमा छन् । संसद्‌को बजेट अधिवेशन सुरु भइसकेकाले विधेयक पारित हुने झिनो आशा उनीहरूमा देखिन्छ ।

विधेयकबाहेक २०७५, २०७८ र २०८० मा सरकार र नेपाल शिक्षक महासंघबीच भएको सहमति कार्यान्वयनमा अनिवार्यता खोजेका छन् । यी मूलभूत एजेण्डाबाट शिक्षकहरू आन्दोलनको २५औं दिनसम्म टसमस भएका छैनन् ।

नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले शिक्षकहरूलाई समझदारीमा ल्याएर विद्यालय फर्काउन प्रयास गरेका छन् । उनको प्रयास सार्थक बनेको छैन । शनिबार शिक्षकहरूसँगको वार्तामा मन्त्री पन्त सहभागी थिए । वार्ता भने निष्कर्षविहीन भएको आन्दोलनकी संयोजक नानुमाया पराजुलीले प्रभावलाई बताइन् ।

'हाम्रा माग मन्त्रीलाई सुनायौं । उहाँबाट माग सम्बोधन हुने ग्यारेण्टी खोजेका छौं । शिक्षा ऐन संसद्‌बाट छिटो पारित हुने ग्यारेण्टी खोजेका छौं,' उनले भनिन्, 'तर, त्यस्तो वातावरण अहिल्यै बनेको छैन । ठोस निकास आउने अवस्था देखिएको छैन ।'

क्रमशः पृष्ठ २ मा

## शिक्षकका थरीथरी माग

आन्दोलनरत शिक्षकहरूले राहत, साविक उच्च मावि, शिक्षण सिकाइ अनुदान, प्राविधिक धार तथा विशेष शिक्षाका शिक्षकको कोटालाई स्वीकृति दरबन्दीमा परिणत गरी उमेर हद नलगाई स्थायी गर्ने र स्थायी हुन नसक्नेको हकमा 'गोल्डेन ह्याण्डसेक'को व्यवस्था गर्नुपर्ने माग शिक्षक महासंघले गरेको छ । लामो समयदेखि राहत तथा करारका रूपमा काम गर्दै आएका शिक्षकलाई दरबन्दी परिणत गरेर स्थायी गर्नुपर्ने महासंघको अर्को माग छ ।

हाल देशभर ४१ हजार ३४४ राहत दरबन्दीका शिक्षक छन् । उनीहरूलाई स्थायी दरबन्दीमा रूपान्तरण गर्दा र कर्मचारी सञ्चय कोषको हुन आउने दायित्व करिब १५ अर्ब १५ करोड रूपैयाँ लाग्ने अनुमान शिक्षा मन्त्रालयको छ । विद्यालय कर्मचारी सम्बन्धमा तहअनुसार हरेक विद्यालयमा कर्मचारीको

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# महानिर्देशकको कुर्दै वैदेशिक रोजगार विभाग

## मन्त्रालयको काम सकेर जान्छु : सहसचिव भुसाल

■ **ममता थापा**

**काठमाडौं–** गत चैत अन्तिम सातादेखि वैदेशिक रोजगार विभाग नेतृत्वविहीन छ । निवर्तमान महानिर्देशक सूर्यबहादुर खत्री मन्त्रालय तानिएपछि विभाग महानिर्देशकविहीन बनेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत चैत २१ गते विभागका महानिर्देशक र निर्देशकको सरुवा गर्ने निर्णय गरेको थियो । निर्वतमान महानिर्देशक खत्रीको स्थानमा मन्त्रालयका सहसचिव जीवलाल भुसाललाई पठाउने निर्णय भएको थियो । तर शुक्रबारसम्म भुसाल विभागमा हाजिर भएका छैनन् । अहिले विभागको सबै कामकारबाही उपमहानिर्देशक चन्द्रबहादुर शिवाकोटीले हेरिरहेका छन् । शिवाकोटी भर्खरै मात्र उपसचिवबाट सहसचिवमा बढुवा भएका हुन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विभागमा केही दिनमै महानिर्देशक हाजिर हुने जनाएका थिए । तर हप्तौं बित्दा पनि मन्त्रीको भनाइ पूरा भएको छैन । महानिर्देशक नहुँदा विभागमा कर्मचारी अभिभावक नभएको महसुस गर्न थालेका छन् । कामकारबाही नरोकिएको तर अभिभावक भएजस्तो नहुने उनीहरूले बताएका छन् ।




- २१ चैतदेखि विभाग महानिर्देशकविहीन
- नयाँ महानिर्देशकको जिम्मेवारी पाएका जीवलाल भुसाल मन्त्रालयमै
- मन्त्रालयको बाँकी काम सकेर मात्रै विभागको जिम्मेवारी सम्हाल्ने सहसचिव भुसालको भनाइ
- महानिर्देशक नहुँदा विभागको नियमितबाहेकका काम प्रभावित

'अभिभावक नहुँदा कर्मचारीले आफूखुसी काम गर्ने हुन्छ । हामी उहाँको प्रतीक्षामा छौं । छिट्टै आउनुहुन्छ होला,' एक कर्मचारीले भने । नेतृत्वको अभावमा विभागको कामकारबाही ठप्पै नभए पनि महानिर्देशकले गर्ने सबै काम उपमहानिर्देशकले गर्न नमिल्ने उनले बताए ।

'उपमहानिर्देशकसँग अधिकार नै नहुने भन्ने त होइन । तर अलिअलि हुन्छ । निर्णायक काम त प्रभावित भइहाल्छ नि,' उनको भनाइ थियो । सोमबार महानिर्देशक आउने सम्भावना रहेको ती कर्मचारी बताउँछन् । महानिर्देशक नभएदेखि कतिपय महत्त्वपूर्ण कामहरू अलपत्र परेको जनाइएको छ । कुनै पनि संस्थाको कारोबार रोक्का या फुकुवा गर्नेलगायत आर्थिक कारोबारको विषय, कर्मचारीको परिचालन, अन्य निकायसँगको सम्झौता, सम्पादित कार्यको अनुगमन गर्नेलगायत भएका सम्पूर्ण कार्यको निर्णायक भूमिका महानिर्देशकलाई दिइएको हुन्छ । उनको अनुपस्थितिमा महत्त्वपूर्ण निर्णय र कामकारबाही हुन पाएका छैनन् ।

विभागकाको महानिर्देशकको जिम्मेवारी तोकिएका भुसालले भने मन्त्रालयमा कतिपय कामकारबाही सम्पादन गर्न बाँकी भएकाले विभाग नगएको बताएका छन् । 'यहाँ महाशाखामा मान्छे नआएर छोडेर हिँड्न मिल्ने अवस्था नभएको हो,' उनले प्रभावसँग भने । मन्त्रालयका बाँकी कामहरू पनि सक्नुपर्ने भएकाले ती कामहरू पूरा गरेर यही हप्ताभित्र विभाग गइसक्ने भुसालले बताए । आफ्नो कारणले कुनै पनि काम नरोकिएको उनको तर्क छ । 'सहसचिवसँग समन्वयमा नै काम भइरहेको छ । उहाँलाई फुल फेजमा अधिकार दिएका छौं,' भुसालले भने ।

मन्त्रालयका दुई सहसचिवलाई विभागमा ल्याउने निर्णय भएसँगै निवर्तमान महानिर्देशक खत्री र निर्देशक गुरुदत्त सुवेदीलाई अन्यत्र सरुवा गरिएको थियो । खत्री मन्त्रालयमा तानिएका छन् भने सुवेदीलाई वैदेशिक रोजगार बोर्डको निर्देशकको जिम्मेवारी दिइएको छ । मन्त्रालयले गरेको जिम्मेवारी हेरफेरसँगै विभागमा उपमहानिर्देशकको पद थप गरिएको छ ।







पृष्ठ १ बाट क्रमशः

## फकिएनन्...

उनका अनुसार संसद्मा विद्यालय शिक्षा विधेयक प्रवेश गर्नुपर्ने र ग्रेडवृद्धि, मर्यादाक्रमलगायतका विषय मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने अडानमा शिक्षकहरू छन् । त्यसपछि मात्रै आन्दोलन स्थगनबारे सोच्न सकिने उनले बताइन् ।

शिक्षकहरूले गरेको शैक्षिक हड्तालले देशको सार्वजनिक शिक्षा प्रभावित भएको छ । विद्यालय भर्ना अभियान रोकिएको छ । एसइईको उत्तरपुस्तिका जाँच प्रभावित भएको छ । कक्षा १२ को परीक्षा यही ११ वैशाखमा हुन नसकेर २१ गतेलाई सार्नुपरेको छ । यसरी देशको सार्वजनिक शिक्षा प्रभावित भएपछि सरकारले शिक्षकहरूलाई समझदारीमा ल्याएर विद्यालय फर्काउन चाहेको छ । तर, शिक्षकको अडानका कारण सहमति हुन सकेको छैन । यसअघि बिहीबार सर्वोच्च अदालतले विद्यार्थीको पठनपाठन सञ्चालन गर्ने गरी तीनभित्र शिक्षकका माग सम्बोधन गर्न आदेश दिइसकेको छ । आदेशअनुसार शिक्षकका माग सम्बोधन भएको छैन ।

मुख्य माग शिक्षा ऐन नै हो । ऐन हाल संसद्को शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन छ । एमाले सांसद छविलाल विश्वकर्मा संयोजक रहेको उपसमितिले केही दिनदेखि नै विधेयकको दफाहरूमा छलफल जारी राखेको छ ।

विधेयकमा १६३ वटा दफा छन् । त्यसमध्ये अब ४० दफामा छलफल बाँकी रहेको उपसमिति सदस्य रहेकी एमाले सांसद सरिता भुसालले जानकारी दिइन् । उनका अनुसार विधेयकको परिभाषा खण्डमा छलफल गर्नै बाँकी छ । निजी विद्यालय तथा गुठी, शिक्षकको बढुवा र विद्यालय कोषसम्बन्धी व्यवस्थामा पनि छलफल हुन बाँकी छ । उपसमितिलाई दफावार छलफल गरेर सहमति जुटाउने समयसीमा यही २१ वैशाखसम्मको छ ।

सांसद भुसालले विधेयकमाथिको दफावार छलफल तोकिएकै समयमा सकाउने बताइन् । 'हामीलाई ३५ दिनको समयसीमा दिएको हो । त्यो यही २१ गते सकिन्छ । १५ वटा परिच्छेद छन् । १६३ दफा छन् । यी सबैमा हामी दफावार छलफल गरेर सयमसीमाभित्रै मजाले सक्छौं,' उनले भनिन् ।

विधेयकउपर सातवटा प्रदेशबाट आएका फरक-फरक सुझाव र १७० जनाभन्दा धेरै सांसदले दर्ता गराएकासमेत गरेर एक हजार ७५८ वटा संशोधन माग भएका छन् । संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार उपसमितिले दफावार छलफल सकेपछि विधेयकथि पुनः पूर्णसमितिमा छलफल हुन्छ । उनले भने, 'उपसमितिको प्रतिवेदनबारे समितिमा छलफल हुन्छ र आवश्यक देखिएको अवस्थामा परिमार्जनसहित प्रतिवेदन तयार हुन्छ ।'

समितिबाट प्रतिनिधिसभामा पारितका लागि विधेयक प्रस्ताव गर्ने प्रावधान नियमावलीमा उल्लेख छ । प्रतिनिधिसभाले पारित गरेपछि विधेयकलाई राष्ट्रिय सभामा पेस गरेर छलफल गराउँदै पारित गराउनुपर्ने गिरी बताउँछन् । उनका अनुसार माथिल्लो सदन पनि भनिने राष्ट्रिय सभाले विधेयक पारित गरेपछि भने प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने व्यवस्था छ ।

यी सबै प्रक्रिया पूरा गरेरमात्रै शिक्षा ऐन जारी हुन्छ । आन्दोलनमा उत्रिएका शिक्षकहरूले भने द्रुतमार्गबाट विधेयक पारित गर्नुपर्ने माग राख्दै आएका छन् ।

विधेयक २७ भदौ २०८० मै संसद्मा दर्ता भएको थियो । संसद्ले सोही वर्षको २५ असोजमा संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाएको थियो । समितिमा १८ महिनादेखि विधेयक विचाराधीन छ । विधेयक पारित नहुँदा आफूहरू मर्कामा परेको आन्दोलनरत सार्वजनिक विद्यालयका शिक्षकहरूको गुनासो छ ।

उनीहरूले विर्तमान शिक्षामन्त्री विद्या भट्टराईसँग शिक्षा विधेयक जारीसँगै सरकारसँग भएका सहमति कार्यान्वयनमा इमानदार हुनसक्ने भन्दै विश्वास गरेका थिए । तर, उनले अकस्मात् राजीनामा दिइन् । प्रधानमन्त्री केपी शर्मा ओली शिक्षकका मागप्रति अनुदार बनेको, आफूलाई उपेक्षासँगै असहयोग गरेको भन्दै भट्टराईले राजीनामा दिएको चर्चा छ । यद्यपि, भट्टराईले स्वास्थ्य अवस्थाका कारण राजीनामा दिएको प्रधानमन्त्री ओलीले बताएका छन् ।

विगतका केही दृष्टान्तले प्रधानमन्त्री ओली सार्वजनिक शिक्षाप्रति नकारात्मक देखिएका छन् । उनले निजी शिक्षालाई प्रोत्साहन दिनेगरी निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)को कार्यक्रममै गएर अघिल्लो महिना ५२ प्रतिशत विद्यार्थी फेल गर्नेलाई के को तलब वृद्धि ? भन्दै खिसी गरेका थिए ।

त्यसपछि पनि उनले शिक्षा ऐन सडकबाट शिक्षकले नभई संसद्ले जारी गर्ने भन्दै ऐन लिन यत्रो धेर शिक्षक आउनु नपर्ने बताएका थिए । उनले शिक्षकहरूले विद्यालय फर्केर खुरुखुर पढाउनुपर्ने बताउने गरेका छन् । उनको अभिव्यक्तिले आन्दोलित शिक्षकहरू चिढिएका छन् । उनीहरूले शैक्षिक हड्ताललाई जारी राखेका छन् । सडकबाट उनीहरूको प्रधानमन्त्री ओलीको राजीनामासमेत माग्दै आएका छन् ।

■■■

## देउवाको...

ओलीले देउवा थाइल्याण्ड भ्रमणबाट फर्कनुअघि सरकार ढल्ने भन्दै निकै हल्ला भएको उल्लेख गर्दै त्यसको प्रतिवाद गरे । 'हिजोसम्म आगै बाल्न खोजेका थिए । शेरबहादुरजी फर्केर आउँदा एयरपोर्टबाटै सरकार ढल्छ कि जस्तो पारेका थिए । सरकार ढल्छ कि ढल्दैन भन्ने कुरामा नलाग्नूस्, त्यसको जिम्मा हामीलाई छाडिदिनूस्,' उनले सांसदहरूलाई भने, 'आफ्नो काममा लाग्नूस् भनेको त प्रधानमन्त्रीले आश मारिसके छन् भनेर अर्को भाषा प्रयोग गरियो ।'

कांग्रेसका संस्थापन र इतरपक्षीय नेताहरू ओली सरकारको कामप्रति सन्तुष्ट छैनन् । दुईतिहाइ बहुमतवाला सरकारको यस्तो तालले जनतामा आशा जगाउन नसक्ने उनीहरूको ठहर छ । काम गर्न नसकेका मन्त्रीलाई फेर्न पनि उनीहरूले सुझाउने गरेका छन् । यस्तोमा ओलीले भने दबाब महसुस गरेको देखिएको छ । उनले बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनीहरूलाई लक्षित गर्दै देउवा प्रधानमन्त्री बनाउन पनि प्रतिक्षा गर्न आग्रह गरेका थिए । उनले अबको १५ महिना पर्खिन आग्रह गरेका छन् । प्रधानमन्त्री ओलीको यो हतास मानसिकता मिश्रित अभिव्यक्ति थियो । तर, देउवाले सरकार ढल्दैन भनेपछि ओली विश्वस्त देखिएका छन् ।

### शिक्षा र निजामती विधेयकबारे एमालेको निर्णय

नेकपा एमालेले विद्यालय शिक्षा र संघीय निजामतीलगायतका विधेयक छिटोभन्दा छिटो निष्कर्षमा पुऱ्याउन पहल गर्ने भएको छ । शिक्षकहरू आन्दोलनमा रहेको र निजामती कर्मचारीहरूले आन्दोलन गर्ने चेतावनी दिएपछि एमाले संसदीय दलको बैठकले यस्तो निर्णय गरेको हो ।

हाल शिक्षा विधेयकमाथि संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफल जारी छ । संघीय निजामती विधेयक पनि दफावार छलफलमै छ ।

संविधान जारी भएपछिको तीन वर्षमा आवश्यक ऐन बनाउनुपर्ने संवैधानिक प्रावधान छ । तर, संविधान जारी भएको १० वर्ष हुन लाग्दासम्म शिक्षा र निजामतीलगायत ऐन जारी नहुँदा सरोकारवाला पक्षहरू आन्दोलित हुने स्थितिबीच एमालेले ती विधेयकहरूलाई निष्कर्षमा पुऱ्याउने पहल गर्ने निर्णय गरेको हो ।

एमालेका मुख्य सचेतक महेश बर्तौलाले भने, 'संसद्मा छलफलमा रहेको विद्यालय शिक्षा विधेयक, संघीय निजामती विधेयकलगायत र अन्य विचाराधीन विधेयकहरूलाई गुणस्तरीय कानुन बनाउनेगरी छिटोभन्दा छिटो निष्कर्षमा पुऱ्याउन नेकपा एमाले संसदीय दल र सदस्यहरूले प्रभावकारी पहलकदमी लिने निर्णय भयो ।'

बैठकले संसदीय काम र जिम्मेवारीलाई मुख्य प्राथमिकतामा राखी कुशलता र सक्रियताका साथ सम्पादन गर्न संसदीय दलको नेता तथा प्रधानमन्त्रीबाट दलका सम्पूर्ण सदस्यहरूलाई निर्देशन भएको पनि बर्तौलाले बताए ।

■■■

## शिक्षकका...

दरबन्दी व्यवस्था गर्ने र महासंघसँग भएको सहमतिअनुसार तह (खरदार/नासु/अधिकृत) तोकी शिक्षक सेवा आयोगबाट स्थायी गर्नुपर्ने माघ महासंघको छ । हाल देशभर २७ हजार ८९० विद्यालयमा कार्यालय सहयोगी र सात हजार १७८ विद्यालय कर्मचारी छन् । उनीहरूलाई दरबन्दी कायम गराउने हो भने आठ अर्ब ९५ करोड रूपैयाँ लाग्ने अनुमान शिक्षा मन्त्रालयले गरेको थियो ।

महासंघले बाल विकास शिक्षालाई विद्यालय संरचनाभित्र ल्याउने र बाल विकास कोटालाई स्वीकृत कोटा (प्राथमिक तृतीयसरह) मा परिणत गरी महासंघसँग भएको सहमतिबमोजिम शिक्षक सेवा आयोगबाट स्थायी प्रक्रियामा लैजाने माग गरेको छ । हाल ३० हजार ४८८ बालविकास शिक्षक छन् । उनीहरूलाई प्राथमिक तृतीयसरह परिणत गर्न १३ अर्ब रूपैयाँ लाग्ने अनुमान शिक्षा मन्त्रालयको छ ।

स्थायी शिक्षकको सम्बन्धमा विभिन्न खालका माग महासंघको छ, जसमा शिक्षक बढुवाको व्यवस्थापन गर्नुपर्ने, तलब र ग्रेड कायम गर्नुपर्नेलगायत माग छन् ।

शिक्षक बढुवामा चार श्रेणी (तृतीय, द्वितीय, प्रथम र विशिष्ट)को व्यवस्था गरी बढुवाको अनुपात वृद्धि गर्नुपर्ने, हरेक १० वर्षमा बढुवा हुने प्रबन्ध गर्ने (आवधिक बढुवा), आवश्यक शैक्षिक योग्यता र लाइसेन्स भएका शिक्षकको बढुवा गर्दा तहगत (प्राथमिकबाट निमावि र निमाविबाट माध्यमिक) हुने व्यवस्था गर्नुपर्ने महासंघको माग छ ।

विद्यालय शिक्षा ऐन जारी भएको मितिलाई प्रस्थान बिन्दु मानी यसअघि स्थायी भएका सबै शिक्षकका लागि पुरानै प्रणालीअनुसार निवृत्तिभरण पाउने व्यवस्था गर्ने र त्यसपछि स्थायी हुने शिक्षक-कर्मचारीको हकमा योगदानमा आधारित पेन्सनको व्यवस्था गर्नुपर्ने माग छ ।

# कांग्रेस नेता डंगोलको अन्त्येष्टि



**काठमाडौं (प्रस)–** शुक्रबार राति निधन भएका नेपाली कांग्रेसका नेता एवं पूर्वस्वास्थ्य राज्यमन्त्री तीर्थराम डंगोलको अन्त्येष्टि गरिएको छ । शनिबार उनको पार्थिव शरीर नेवारी परम्पराअनुसार टेकु दोभानस्थित चिन्तामणिघाटमा अन्त्येष्टि गरिएको हो । धर्मपत्नी तेजमाया र भाइ बलराम डंगोलले उनलाई दागबत्ती दिएका थिए । अन्त्येष्टिमा नेपाली कांग्रेसका नेता तथा कार्यकर्ता, आफन्तजन र शुभेच्छुकको बाक्लो उपस्थिति थियो ।

स्वर्गीय नेता डंगोल लामो समयदेखि प्रोस्टेज क्यान्सर र मिर्गौलाको उपचार गराइरहेका थिए । काठमाडौं नगर पञ्चायतका पूर्वउपप्रमुख डंगोलको शुक्रबार राति ७७ वर्षको उमेरमा सिनामंगलस्थित केएमसी अस्पतालमा उपचारका क्रममा निधन भएको हो । नेपाली राजनीतिमा जुझारू नेताका परिचय बनाएका डंगोल २०६२/६३ को प्रतिगमनविरुद्धको काठमाडौंको आन्दोलन उनकै नेतृत्वमा भएको थियो । उनी वि.सं. २०५६ र २०६५ मा प्रतिनिधिसभा सदस्य थिए ।

अन्त्येष्टिअघि उनको पार्थिव शरीर सानेपास्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा राखिएको थियो । त्यसअवसरमा कांग्रेसका महामन्त्री गगन थापा, पूर्वमहामन्त्रीत्रय कृष्णप्रसाद सिटौला, शशांक कोइराला र उपप्रधामन्त्री प्रकाशमानसिंह, केन्द्रीय सदस्य एवं गृहमन्त्री रमेश लेखक, काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोललगायतले श्रद्धाञ्जलि अर्पण गरे ।

डंगोलका सहयात्री र शुभेच्छुकले उनी निर्भीक र सत्यको पक्षपाति भएको प्रतिक्रिया दिएका छन् । उनका सहयात्री तथा पूर्वमन्त्री भिमसेनदास प्रधानले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भए पनि दलका नेतामा असलभन्दा हाम्रा मान्छेको खोजी गर्ने मनस्थिति कायम गरेको अवस्थामा काठमाडौं जिल्ला पूर्वसभापति डंगोलले समूह, नातावाद र कृपावादबाट माथि उठ्न शीर्ष नेताहरूलाई पटक-पटक सचेत गराएको स्मरण गराए । राष्ट्रिय सभा सदस्य अञ्जान शाक्यले पूर्वराज्यमन्त्री डंगोलको निधनले नेपाली कांग्रेसलगायत देशले एउटा कुशल, इमान्दार र निष्ठावान् नेता गुमाएको प्रतिक्रिया दिइन् ।


## डिभिजन वन कार्यालय

वीरगन्ज, पर्सा

### सिलबन्दी दरभाउपत्र स्वीकृत हुने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०१/१४**

यस कार्यालयको SQ NO. DFOP/SQ/WORKS/२०८१/०८२/०१ को मिति २०८१/१२/२५ गतेका दिन **प्रभाव दैनिक पत्रिका**मा प्रकाशित सूचना बमोजिम E–bidding मार्फत पेश भएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्दा तपसिलको सिलबन्दी दरभाउपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा ५ वमोजिम स्वीकृतिको लागि छनोट गरिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धित सबै सिलबन्दी दरभाउपत्रदाताहरूको जानकारीको लागि अनुरोध छ ।

**तपसिल :**

| सिलबन्दी दरभाउपत्रदाता फर्मको नाम र ठेगाना | रकम भ्याट बाहेक अंकमा रु. | स्वीकृत कबोल अङ्क अक्षरमा |
|---|---|---|
| श्री हिरण्य बालकृष्ण इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं म.न.पा.२८ पुतलीसडक नेपाल । | १३,१५,३७७.०५ | तेह्र लाख पन्ध्र हजार तीन सय सतहत्तर र पाँच पैसामात्र |

**डिभिजनल वन अधिकृत**


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


आइतबार, १४ वैशाख, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।सुखद |
| कुम्भ | समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ वैशाख, २०८२ (२७, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४३ | १३७.०३ |
| युरो | १ को | १५५.०५ | १५५.७३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.६४ | १८२.४४ |
| स्विस फ्रैन्क | १ को | १६४.६७ | १६५.४० |
| अस्ट्रेलियन डलर | १ को | ८७.०७ | ८७.४५ |
| क्यानाडियन डलर | १ को | ९८.२८ | ९८.७१ |
| सिङ्गापुर डलर | १ को | १०३.८१ | १०४.२६ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | १८.७२ | १८.८० |
| साउदी अरब रियाल | १ को | ३६.३७ | ३६.५३ |
| कतारी रियाल | १ को | ३७.४३ | ३७.५९ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१४ | ३७.३१ |
| मलेसियन रिङेट | १ को | ३१.१९ | ३१.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.४८ | ९.५२ |
| स्विडिस क्रोनर | १ को | १४.०८ | १४.१४ |
| डेनिस क्रोनर | १ को | २०.७७ | २०.८६ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४४.९३ | ४४६.८९ |
| बहराइन दिनार | १ को | ३६१.९५ | ३६३.९० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**फोटो अवलोकन** | गोरखा जिल्लाको उत्तरी भेग बारपाकमा फोटो पत्रकार प्रकाश तिमिल्सिनाको 'बारपाक भूकम्पसम्बन्धी एकल फोटो प्रदर्शनी'को अवलोकन गर्दै स्थानीय बासिन्दा । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# पूर्वप्राथमिक शिक्षामा भर्नादर ८५ प्रतिशत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालको शिक्षा क्षेत्रमा विगतमा भएको लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धि प्राप्त हुन थालेको देखिएको छ। राष्ट्रिय योजना आयोगका अनुसार पूर्वप्राथमिक शिक्षामा कूल भर्नादर ८४.७ पुगेको छ। यसैगरी प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिको प्रतिशत ६६.९ पुगेको आयोगले जनाएको छ।

आयोगका अनुसार, प्राथमिक तह कक्षा १ देखि ५, आधारभूत तह कक्षा १ देखि ८ माध्यमिक तह कक्षा ८ देखि १२ को खुद भर्नादर क्रमशः ९६.९ प्रतिशत ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको छ।

कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर क्रमशः ८९.६ प्रतिशत र ७७.९ प्रतिशत रहेका जानकारी दिइएको छ। आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको पनि आयोगले जानकारी दिएको छ। प्रारम्भिक बाल विकास शिक्षामा नौ लाख ७४ बालबालिका अध्ययनरत रहेका छन्। लैंगिक समता सूचकांक आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९८ र १.०१ रहेको आयोगले जनाएको छ। विद्यालय दोहोऱ्याउने कक्षा १ देखि ५ सम्म आधारभूत तहमा ३.८ र कक्षा ६ देखि ८ सम्म ४.४ तथा कक्षा ९ र १० को माध्यमिक तहमा ३.७ मा झरेको छ।

आयोगका अनुसार अहिले मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५ हजार ५५ वटा विद्यालय सञ्चालनमा छन्। अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीलाई सेवा प्रवाह गरिरहेको छ। वि.सं. २०६८ को जनगणनामा १५ वर्षमाथिको जनसंख्याको साक्षरता ५८ प्रतिशत रहेकोमा आव २०७४/७५ मा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता ८८.६ प्रतिशत पुगेको छ। हालसम्म ५१ जिल्ला सक्षर घोषणा भइसकेका आयोगद्वारा प्रकाशित प्रमुख आर्थिक सूचकको प्रयोग विधि पुस्तकमा उल्लेख छ।

# रूद्रमती दोभानबाट दुई मेट्रिक टन फोहोर व्यवस्थापन

**काठमाडौं (प्रस)–** राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा भन्ने नाराका साथ काठमाडौं महानगरपालिका वडा नं १० स्थित रुद्रमती दोभानबाट बुद्धनगरपुलसम्म सफाइ गरी दुई मेट्रिक टन फोहोर व्यवस्थापन गरिएको छ।

बागमती सफाइ महाअभियानको ६२४औं हप्तामा यस क्षेत्रमा सफाइ गरिएको हो। सफाइ अभियानबाट व्यवस्थापन गरिएको फोहोर काठमाडौं महानगरपालिका वातावरण विभागले व्यवस्थापन गरेको बागमती सफाइ अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए।



वडाध्यक्ष रामकुमार केसीको नेतृत्वमा यस क्षेत्रमा सफाइ गरिएको हो। सफाइमा बागमती प्रदेशका पूर्वपर्यटन तथा संस्कृतिमन्त्री एवं प्रदेशसभा सदस्य दीपेन्द्र श्रेष्ठ, काठमाडौं महानगरपालिका-११ का वडाध्यक्ष हिरालाल तण्डुकार, वडा न १० का सदस्य सतिस तण्डुकारलगायत जनप्रतिनिधि र स्थानीयवासीको पनि सक्रियता थियो।

आगामी शनिबार ६२५औं हप्ताको सफाइ बागमती रुद्रमती दोभान वडा नं ११ स्थित शिव मन्दिरबाट बागमती नदी किनारसम्म गरिने जनाइएको छ। त्यस क्षेत्रको सफाइ पनि वडा नं. ११ का अध्यक्षको नेतृत्वमा गरिने महाअभियानले जनाएको छ।

२०७० जेठ ५ गतेदेखि बागमती सफाइ महाअभियान सुरु भएको हो। महाअभियान सुरु भएदेखि प्रत्येक हप्ता शनिबार बिहान दुई घण्टा बागमती किनारमा नदी सफाइ गरिँदै आएको छ। सफाइमा अभियानकर्मी, जनप्रतिनिधि र स्थानीयवासीको सहभागिता रहने गरेको छ।

# जनमत र नागरिक उन्मुक्तिको एकता घोषणा हुँदै




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच यही वैशाख १७ गते पार्टी एकीकरण घोषणा हुने भएको छ। जनमत पार्टीका प्रवक्ता डा. शरदसिंह यादवले पार्टी एकीकरणको मिति तय भएको जानकारी दिए।

उनका अनुसार पार्टी एकीकरणको विषयमा थप छलफलका लागि पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठक यही १६ गते मंगलबार बोलाएको छ। बेलुका ६ बजे मध्यबानेश्वरस्थित पार्टीको केन्द्रीय कार्यालयमा बस्ने बैठकमा आ-आफ्नो नागरिकता र मतदाता परिचयपत्र लिएर उपस्थित हुन जनमतले नेताहरूलाई सूचितसमेत गरेको छ।

बुधबार नेपाल प्रज्ञा प्रतिष्ठानमा हुने पार्टी एकता घोषणा कार्यक्रममा सबै केन्द्रीय सदस्य, भ्रातृ तथा शुभेच्छुक संगठनका सदस्यहरूसहित उपस्थित हुन जनमतले आमन्त्रण गरेको हो। एकीकरणपछि बन्ने पार्टीको नाम, पार्टीको झण्डा, पार्टीको नेतृत्वमा पनि करिब सहमति बनिसकेको नेताहरूले बताएका छन्। नयाँ पार्टीको नाम नागरिक जनमत पार्टी टुंगो लागेको छ।

एकीकरणपछि बन्ने पार्टीको अध्यक्षमा हालको जनमत पार्टीका अध्यक्ष सिके राउत रहने समझदारी बनेको छ भने नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी नयाँ पार्टीको पनि संरक्षक रहने र सहअध्यक्ष नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठ रहने छिन्। वि.सं. २०७७ मा राउतको नेतृत्वमा जनमत पार्टी र २०७८ पुस १९ गते नागरिक उन्मुक्ति पार्टी गठन भएका थिए। हाल संसद्मा जनमतका छ र नागरिक उन्मुक्ति पार्टीका चार सांसद छन्।


'हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि'

**हल्दीबारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जलथल, झापा, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः- २०८२/०१/१४**

यस गाउँपालिका अन्तरगत तपसिल कार्यका लागि मिति २०८१/१२/१९ र २०८१/१२/२६ मा प्रकाशित बोलपत्रर ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु (मु. अ. कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/WORKS/ROAD/SQ/22-081/082 | Construction Of Slab Culvert at Raj Canal located at Boundary of Haldibari-1 and Bahradashi-5 of Haldibari Rural Municipality | Fine Build Construction Pvt.Ltd, Haldibari-1, Jhapa | 10,25,328.6 |
| 2 | HRM/GOODS/SQ/21-081/082 | Procurement & supply of Electronic Goods at Haldibari rural municipality | Tejaswi Computer, Birtamode-6, Jhapa | 11,49,400.01 |


# शिक्षकहरु चढेको रात्रिबस दुर्घटना, १६ जना घाइते

**झापा (प्रस)–** काठमाडौंबाट झापा आउँदै गरेको रात्रिबस दुर्घटना हुँदा १६ जना शिक्षक घाइते भएका छन्। प्रदेश १-०१-००१-ख४२ नम्बरको यात्रुबाहक रात्रिबस शनिबार बिहान ५:३० बजे झापाको शिवसताक्षी नगरपालिका-९ स्थित पूर्वपश्चिम राजमार्गको दूधे खण्डमा दुर्घटना भएको हो।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलनकुमार केसीका अनुसार दुर्घटनामा परेका १६ जना शिक्षक काठमाडौंमा जारी शिक्षक आन्दोलनमा सहभागी भएर फर्कँदै थिए। घाइतेको विर्तामोडस्थित विर्तासिटी हस्पिटल र बिएन्डसी हस्पिटलमा उपचार भइरहेको उनले बताए। घाइतेमध्ये शिक्षक गोपाल खतिवडाको अवस्था चिन्ताजनक रहेको प्रहरीले जनाएको छ। 'म ड्राइभरको सिट पछाडि नै थिएँ,' घाइते शिक्षक लीलाप्रसाद भण्डारीले भने, 'अघिदेखि नै गाडी अस्वाभाविक रूपमा हल्लिरहेको थियो।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।१२।२२ गते अन्दाजी रातको ८:०० बजेको समयमा काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ४ सितापाइलास्थित रोडको साइड सडक पेटिमा पार्किङ गरिराखेको दर्ता नं. बाग्मती प्रदेश ०२-०४६ प ३४७८ को रातो-कालो रङ्गको हुलास फिन सर्भ लि. अटो कम्पनीको १५० सिसि पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन विनम्र अनुरोध गर्दछु।

**नामः** ऋणी अर्जुन सोनार
**ठेगानाः** कलंकी,काठमाडौं
**दर्ता नः** बाग्मती प्रदेश ०२-०४६ प ३४७८
**च्यासिस.नं:** MD2A11CX6PPD28943
**इन्जिन नं :** DHXPPD42590
**सम्पर्क :** 9843643794



**कम्पनीको नाम परिर्वतन सम्बन्धि सूचना**

दोस्रे पटक प्रकाशित मितिः २०८२/०१/१४

कम्पनीको मिति २०८१/१२/१७ मा सम्पन्न साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको तपसिल बमोजिम नाम परिवर्तन भएको जानकारी गराईन्छ ।

तपसिल

**साविकको नाम : माँ बज्रयोगिनि निर्माण एण्ड सप्लायर्स प्रा.लि**
**परिवर्तित नाम : सिवाली इन्फ्राकन प्रा.लि.**



**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२-०१-१४

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/१४मा स्वीकृती प्राप्त भई साबिक कम्पनी **युका नेपाल इन्भेष्टमेन्ट प्रा.लि** (प्रा.लि.नं.१११३३३)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनी **खिमादेबी लगानी कोष प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गर्दछौं।



**Government of Nepal (GoN)**

**Likhu Tamakoshi Rural Municipality**

**Dhobi Bazar, Ramechhap**

**Invitation for Bids**

**Date of publication: 27-04-2025 10:00 A.M.**

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidder are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S. N. | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre-bid meeting Date | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | LTRM/NCB/WORKS/21/2081/82 | Construction Of Nagdaha Primary Health Post Ward No-5 | 29,30,301.53 | 1,00,000.0 | 3,000.00 | 18-05-2025 11:00 | 27-05-2025 12:00 | 27-05-2025 14:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank**: Nepal Investment Bank Ltd.
**Name of Office**: Likhu Tamakoshi Rural Municipality
**Office Account No** : 07001400250016
**Rajaswa (revenue) Accont Name**: Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बजेटमा प्रदेश र स्थानीय तहको अधिकार नखोसियोस्

**बजेट अधिवेशनको रूपमा लिइने संघीय संसद्को बर्खे अधिवेशन सुरु भइसकेको छ । यो अधिवेशन सरकारले ल्याउने तयारी गरिरहेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा नै केन्द्रित हुने छ । बजेट तयारीमा सरकार यसअघि नै लागिसकेको छ । संसद्को पहिलो र दोस्रो ठूलो दल मिलेर बनेको सरकारले ल्याउने आगामी बजेटमा सबैको ध्यान केन्द्रित भएको छ ।**

**दुईतिहाइ बहुमतसहितको सरकार भएकोले वर्तमान सरकारले महत्त्वाकांक्षी बजेट ल्याउने निश्चित नै छ । चालु आर्थिक वर्षमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले बनाएको बजेट कार्यान्वयन गरिरहेको छ । जसकारण जनअपेक्षा अनुसार नतिजा दिन नसकेको दाबी प्रधानमन्त्री केपी शर्मा ओलीले गर्दै आएका छन् ।**

**त्यसो त प्रधानमन्त्री ओली आफैंमा महत्त्वाकांक्षी छन् । त्यसैले उनका योजनाहरू कार्यान्वयनयोग्य भन्दा पनि तत्कालको खपत्मा बढी केन्द्रित हुन्छन् । ठूला थफ दिएर जनतालाई भ्रममा पार्न सिपालु ओलीले यसअघि प्रधानमन्त्री हुँदा घरघरमा ग्यासको पाइप जोड्ने, रेल गुडाउनेदेखि पानीजहाजसम्मको सपना देखाएका थिए । पानीजहाज चलाउन भन्दै छुट्टै विभागसमेत गठन गरे । तर, उनका यी योजना व्यावहारिक थिएनन् भन्ने पुष्टि भइसकेको छ । त्यसैले फेरि यसपटक ओली नेतृत्वको सरकारले कस्तो बजेट ल्याउने हो भन्ने चासो बढ्नु स्वाभाविक हो ।**

**मुलुकको अर्थतन्त्र अझै तंग्रिसकेको छैन, समस्या यथावत् नै छ । बाह्य सूचकहरू केही सन्तोषजनक रहे पनि आन्तरिक सूचकहरूको अवस्था राम्रो छैन । ओली सरकारले नै गठन गरेको उच्चस्तरीय आर्थिक सुझाव आयोगले आफ्नो प्रतिवेदन बुझाइसकेको छ । पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको आयोगले अर्थतन्त्र सुधारका लागि गर्नुपर्ने कामहरू सरकारलाई सुझाइसकेको छ । ती सुझावहरूलाई अर्थमन्त्री विष्णु पौडेलले कतिको आत्मसात् गर्लान्, त्यो आगामी बजेटमा नै देखिने छ, देखिनुपर्छ ।**

**आफैंले बनाएको आयोगले दिएको सुझाव कार्यान्वयन गर्नुपर्ने नैतिक दबाब ओली सरकारमाथि छ । अर्कोतिर गठबन्धनको सरकार भएकोले दलीय स्वार्थलाई बजेटमा समेट्नुपर्ने बाध्यता छ । गठबन्धन जोगाउनकै लागि पनि सत्तासाझेदरको स्वार्थअनुकूल बजेट व्यवस्थापनमा लाग्दा बजेट पुरानै ट्र्याकमा जाने देखिन्छ । बजेट निर्माणमा सांसदहरूको दबाब पनि उस्तै रहन्छ ।**

**अहिले संघीय गणतन्त्रात्मक व्यवस्थामाथि नै प्रश्न उठिरहेको छ । यसको कारण प्रदेश सरकारहरूको कमजोर प्रस्तुति हो । यसको मुख्य जड भने केन्द्रीय राजनीति नै हो । संघीय सरकारले प्रदेशलाई आफ्नै एक विभागसरह व्यवहार गरिरहेको छ । संविधानतः प्रदेशलाई दिइएको अधिकार प्रत्यायोजन नगर्दा यो अवस्था आएको हो । संघीयताको मूल खम्बा भनेकै प्रदेश संरचना हो । प्रदेशलाई संविधानमा सुनिश्चित अधिकार नदिएसम्म संघीयता बलियो हुँदैन । त्यसैले आगामी बजेटमा प्रदेशलाई सबल बनाउनेगरी अधिकार प्रत्यायोजन गर्न जरुरी छ । स्थानीय तहको हकमा पनि यही लागू हुन्छ । स–साना आयोजना संघमा राखेर प्रदेश र स्थानीय तहको अधिकार संकुचित गर्ने प्रवृत्ति आगामी बजेटमा नदोहोरियोस् ।**

# छापा माध्यमको वर्तमान अवस्था, समस्या र समाधान



■ रमेशकुमार बोहोरा

> अब छापा माध्यमको संरक्षण, प्रवर्द्धन र रूपान्तरणका लागि बहुआयामिक रणनीति आवश्यक छ । यसका लागि राज्य, पत्रकार महासंघ, सञ्चारकर्मी, नागरिक समाज सबैको साझा प्रयास अपरिहार्य छ । छापा माध्यमले डिजिटल प्रविधिलाई आत्मसात् गर्न ढिला गर्नु हुँदैन । डिजिटल प्लेटफर्ममा पनि विश्वसनीय सामग्री प्रस्तुत गर्न सक्ने क्षमता विकासमा ध्यान दिनु जरुरी छ ।

सञ्चार माध्यम समाजको ऐना हो । यसले समाजका घटनाक्रम, जनताका विचार र भावना, अनि देशको सामाजिक, राजनीतिक र आर्थिक अवस्थालाई उजागर गर्ने गर्दछ । सञ्चारको पुरानो र बढी आधिकारिक हुने साधनको रूपमा छापा माध्यम स्थापित छ । लामो समयदेखि नेपाली समाजमा सूचनाको पहुँच पुऱ्याउन छापा माध्यमले योगदान पुऱ्याउँदै आएको छ । जनचेतना अभिवृद्धि, उत्तरदायी शासन प्रणाली, पारदर्शिता र लोकतन्त्रको अभ्यासमा छापा माध्यमले पुऱ्याएको योगदान अमूल्य छ ।

तर पछिल्ला दशकमा सूचना प्रविधिको क्रान्तिले सञ्चारको स्वरूपलाई नै रूपान्तरण गरिदिएको छ । डिजिटल माध्यमको उदय, सामाजिक सञ्जालको प्रभाव, पाठकको प्राथमिकतामा आएको परिवर्तन, विज्ञापन बजारमा आएको गिरावटलगायत विभिन्न कारणले गर्दा छापा माध्यम गम्भीर संकटमा परेको छ । यस्तो परिस्थितिमा छापा माध्यमको वर्तमान अवस्था के हो ? समस्याहरू के-के छन् ? अनि ती समस्याको समाधान कसरी गर्न सकिन्छ ? भन्ने सवाल गम्भीर र सामयिक छन् ।

### छापा माध्यमको ऐतिहासिक पृष्ठभूमि

नेपालमा छापा माध्यमको सुरुआत विक्रम संवत् १९०८ सालमा गोरखापत्र साप्ताहिकको प्रकाशनसँगै भएको मानिन्छ । गोरखापत्रबाट सुरु भएको यो यात्रा विभिन्न कालखण्ड पार गर्दै आजका दिनसम्म आइपुगेको छ । बहुदलको आगमनपछि प्रजातन्त्रको अभ्याससँगै छापा माध्यमको स्वतन्त्रता विस्तार भयो । निजी क्षेत्रबाट थुप्रै पत्रपत्रिका प्रकाशनमा आए । काठमाडौंबाट मात्र नभई देशका विभिन्न स्थानबाट स्थानीय पत्रिका प्रकाशन भए ।

२०५२ सालपछि माओवादी सशस्त्र द्वन्द्वको समयमा पनि छापा माध्यमले जोखिम मोलेर सूचना प्रवाह गरिरह्यो । २०६२/६३ को जनआन्दोलनपछि छापा माध्यम थप स्वतन्त्र र प्रगतिशीलरूपमा अघि बढ्न थाल्यो । तर, प्राविधिक विकास, सामाजिक सञ्जालको उदय र डिजिटल सञ्चारमाध्यमहरूको तीव्र विकाससँगै छापा माध्यम चुनौतीको नयाँ युगमा प्रवेश गरेको छ ।

### वर्तमान अवस्था

हाल छापा माध्यमको अवस्था निकै जटिल र चुनौतीपूर्ण छ । नियमित प्रकाशन गर्ने हम्मेहम्मे परेको अवस्था छ । एकातिर पाठक घटिरहेका छन् भने अर्कोतिर उत्पादन लागत बढिरहेको छ । विज्ञापन घटेको छ, सरकारले दिने सहयोग न्यून छ र अनलाइन पत्रकारितासँग प्रतिस्पर्धा गर्न नसकेको अवस्थाले छापा माध्यम संकटमा परेको छ ।

पछिल्लो समय मुद्रण सामग्री जस्तैः कागज, मसी, प्लेटफार्ममा परनिर्भर नेपालमा अन्तर्राष्ट्रिय बजारमा आएको मूल्यवृद्धिले ठूलो असर पारेको छ । नेपालमा छापिने अधिकांश पत्रिका भारत वा अन्य देशबाट आयात गरिने कागजमा आधारित हुन्छन् । डलरको भाउ बढ्नु र ढुवानी खर्च महँगो हुनुसँगै मुद्रण खर्च निकै बढेको छ ।

अघिल्लो दशकसम्म घरघरमा दैनिक पत्रिका पुग्थ्यो । आजभोलि खासगरी सहरी क्षेत्रका अधिकांश मानिस डिजिटल माध्यममै निर्भर छन् । मोबाइल, इन्टरनेटको सहज पहुँचसँगै पाठकहरू अनलाइन मिडिया र सामाजिक सञ्जालतर्फ मोडिएका छन् ।

अघिल्लो समयमा कुनै पनि छापा माध्यमको प्रमुख आम्दानीको स्रोत विज्ञापन थियो । तर, अहिले धेरैजसो विज्ञापन डिजिटल प्लेटफर्ममा सर्न थालेको छ । सरकारी विज्ञापनहरू पनि समानुपातिक ढंगले वितरण नहुँदा साना तथा क्षेत्रीय सञ्चारगृहहरू थप संकटमा परेका छन् ।

### डिजिटल मिडियाको चुनौती

डिजिटल माध्यमको तीव्र विकासले परम्परागत छापा माध्यमलाई ठूलो दबाबमा ल्याएको छ । अनलाइन मिडियाहरू तत्काल सूचना दिन सक्षम छन् । सामाजिक सञ्जालहरू (फेसबुक, ट्विटर, युटचुब, टिकटक)ले सूचनाको वितरण झनै तीव्र बनाएका छन् । पाठकले छापिएको समाचार पर्खनुपर्ने आवश्यकता छैन । त्यसकारण छापा माध्यम प्रतिस्पर्धामा पछि परेको अवस्था छ ।

धेरैजसो छापा माध्यम अझै परम्परागत मुद्रण प्रविधिमा सीमित छन् । डिजिटल रूपान्तरणका लागि आवश्यक लगानी, सीप र पूर्वाधारको अभाव छ । पत्रकारहरूलाई डिजिटल पत्रकारिताको तालिम नहुनु, डेटा विश्लेषणको अभाव र मल्टिमिडिया सामग्री निर्माणमा दक्षता नहुनु मुख्य चुनौती बनेको छ ।

सामाजिक सञ्जाल सूचनाको स्रोतमात्र नभई समाचार निर्माणको माध्यम पनि बन्न थालेको छ । तर, यसमा सत्यता पुष्टि र सम्पादनको अभावले गर्दा गलत सामग्रीको प्रवाह बढी हुन्छ । यस्तो अवस्थामा छापा माध्यमले सत्य तथ्यमा आधारित समाचार दिए पनि जनविश्वास पाउन कठिन भएको छ ।

### सरकारी हस्तक्षेप

नेपालमा प्रेस स्वतन्त्रता संविधानमा सुनिश्चित भए पनि व्यावहारिकरूपमा सरकारका विभिन्न विधेयकहरू, जस्तैः मिडिया काउन्सिल विधेयक, प्रेस काउन्सिल विधेयक, सूचनाको हकसम्बन्धी कानुन संशोधन प्रयासहरूले सञ्चारमाध्यममा अंकुश लगाउने प्रयास भइरहेको देखिन्छ । यस्तो हस्तक्षेपले स्वतन्त्र पत्रकारिता कमजोर बनाउने खतरा छ ।

### मौलिकता अभाव

अनलाइनमा सजिलै उपलब्ध सामग्रीहरूलाई जस्ताको तस्तै कपी गरेर छाप्ने प्रवृत्ति बढ्दो छ । अनुसन्धानात्मक, तथ्यमा आधारित र गहिरो अध्ययनसहितको समाचार सामग्री तयार गर्ने परिश्रम घट्दो छ । यसले पाठकको चासो घटाउँछ र छापा माध्यमको विशिष्टता हराउँदै जान्छ ।

### समाधानका उपाय

अब छापा माध्यमको संरक्षण, प्रवर्द्धन र रूपान्तरणका लागि बहुआयामिक रणनीति आवश्यक छ । यसका लागि राज्य, पत्रकार महासंघ, सञ्चारकर्मी, नागरिक समाज सबैको साझा प्रयास अपरिहार्य छ । छापा माध्यमले डिजिटल प्रविधिलाई आत्मसात् गर्न ढिला गर्नु हुँदैन । डिजिटल प्लेटफर्ममा पनि विश्वसनीय सामग्री प्रस्तुत गर्न सक्ने क्षमता विकासमा ध्यान दिनु जरुरी छ । पत्रकारहरूलाई अनलाइन सामग्री निर्माण, भिडियो सम्पादन, डेटा पत्रकारिता आदिमा तालिम दिनुपर्छ ।

### समानुपातिक विज्ञापन नीति

सरकारी विज्ञापन वितरणलाई पारदर्शी र समानुपातिक व्यवस्था सुनिश्चित गरिनुपर्छ । ठूला सञ्चारगृहलाई मात्रै होइन, साना, ग्रामीण क्षेत्रका सञ्चारमाध्यमलाई पनि उचित हिस्सा दिनु जरुरी छ । विज्ञापन वितरणमा राजनीतिक प्रभाव हटाउनु अत्यावश्यक छ ।

छापा माध्यम जनचेतना अभिवृद्धिको माध्यम हो । त्यसैले सरकारले सामाजिक, शैक्षिक, स्वास्थ्य, सरसफाइ, महिला अधिकारजस्ता विषयमा लोककल्याणकारी विज्ञापन दिनुपर्छ । यसका लागि हाल दिइरहेको बजेटलाई सतप्रतिशत बढाउनु आवश्यक छ । साथै, यसलाई प्रभावकारीरूपमा वितरण गर्नुपर्छ ।

### कर छुट र सहुलियत

छापा माध्यमका लागि सामग्री आयातमा भन्सार छुट, उपकरण खरिदमा कर छुटजस्ता सहुलियत दिन सकिन्छ । साना सञ्चारगृहलाई सहुलियतपूर्ण कर्जा, उपकरण अनुदान र प्राविधिक सहयोग प्रदान गर्न सकिन्छ ।

### नयाँ आम्दानी खोज

छापा माध्यमको आम्दानीको नयाँ स्रोत पहिचान गर्न आवश्यक छ । ग्राहक सदस्यता बढाउने, विशेष सामग्री बेच्ने, पुस्तक वा विशेषांक प्रकाशनबाट आम्दानी लिने उपाय खोजिनुपर्छ । विज्ञापनमा मात्र भर नपरी सामग्रीकै मूल्य तोक्ने अभ्यास गर्न सकिन्छ ।

### मिडियामैत्री कानुन निर्माण

सञ्चार क्षेत्रको विकास र छापा माध्यमको संरक्षणका लागि मिडियामैत्री कानुन बनाउन जरुरी छ । पत्रकारको सुरक्षाको ग्यारेण्टी, प्रेस स्वतन्त्रताको सुनिश्चितता र सामग्री उत्पादनमा स्वतन्त्रता दिइनुपर्छ । अवरोध पुऱ्याउने विद्यमान कानुन संशोधन गर्नुपर्छ ।

### मानव स्रोत विकास

पत्रकारिता क्षेत्रमा नयाँ पुस्तालाई आकर्षित गर्न सक्ने वातावरण बनाउनुपर्छ । प्रशिक्षण, इन्टर्नसिप, तालिम कार्यक्रमहरूमार्फत युवा पत्रकार उत्पादन गर्नुपर्छ । साथै ज्येष्ठ पत्रकारको अनुभव र योगदानलाई सम्मान गर्नु पनि जरुरी छ । छापा माध्यम हाम्रो सामाजिक, राजनीतिक र सांस्कृतिक चेतनाको मेरुदण्ड हो । यसले सत्ता, समाज र नागरिकबीच सेतुको काम गर्छ । अहिले जुन प्रकारको संकटको सामना गरिरहेको छ, त्यो केवल प्रविधिको परिणाममात्र होइन, नीति, व्यवहार र सोचको विषय पनि हो ।

समस्या केवल गुनासो गरेर समाधान हुँदैन । समाधान खोज्न सरकार, सञ्चारमाध्यम, पाठक र समाज सबैको सामूहिक प्रयास चाहिन्छ । प्रविधिमा अभ्यस्त हुँदै, सामग्रीको गुणस्तर बढाउँदै, नीतिगत सुधार गर्दै छापा माध्यमलाई समयानुकूल बनाउनु अहिलेको आवश्यकता हो । यदि आजै सुधारका प्रयास भएनन् भने छापा माध्यमको अस्तित्व नै संकटमा पर्न सक्छ । छापा मध्यम बचाउन सरोकारवाला सबैको ध्यान जाओस् ।

*(लेखक अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)*

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# स्वतन्त्रताको बाटो- नयाँ जीवनका लागि धेरै टाढा



■ युन हे चोइ

म उत्तर कोरियामा जन्मिएर त्यहीँ हुर्किएकी हुँ । तर अहिले दक्षिण कोरियामा बस्छु । आफू जन्मिएको देश छाड्नुपर्दा पीडा कसलाई हुँदैन र ! त्यो पीडा मैले भोगिरहेकी छु । मैले उत्तर कोरिया छाडेको केही समयमा नै कान्छा भाइ बिरामी परेर मृत्यु भएको खबरले मलाई अथाह पीडा दियो । निकै शोकमा परेँ । उत्तर कोरियाको शासनसत्ताका कारण पारिवारिक वियोगमा पनि सामेल हुन पाइनँ । म जस्तै धेरै उत्तर कोरियालीहरूले यस्तै पीडा भोगिरहेका छन् । मेरो मन अझै भारी हुन्छ । तिनीहरूका लागि म आफ्नो पीडा भोग्न चाहन्छु ।

म उत्तर कोरियाको एक सामान्य परिवारमा दोस्रो छोरीको रूपमा जन्मिएकी थिएँ । हाम्रो परिवार खुसी थियो । सन् २००९ मा भएको विनासकारी मुद्रा सुधारले यसलाई भत्काइदियो । रातारात हाम्रो बचत खेर गयो । हाम्रो रकम कागजमा परिणत भयो । मेरा आमाबाबु बाँच्नका लागि दिनहुँ संघर्ष गर्न बाध्य भए । मैले १५ वर्षको उमेरमा नै स्कूल छोड्नुपऱ्यो र घरको काममा मद्दत गर्नुपऱ्यो । त्यसका लागि बजारमा सामान बेच्नुपर्दा मैले सानै उमेरमा बाँच्नुको अर्थ के हो भनेर सिकें ।

पछिमात्र मैले थाहा पाएँ कि केही राम्रो परिवारहरू त्यहाँबाट भागेका आफन्तहरूले पठाएको पैसाको कारणले बाँचेका थिए । त्यो बेला मेरो दिमागमा पक्ष परिवर्तन आवश्यक छ भन्ने परेको थियो । जब म १८ वर्षकी भएँ, मैले आफैंलाई सोधें- के म सधैंभरि यसरी नै बाँच्नुपर्छ ? मकै खाँदै- कुनै सपनाविना, कुनै भविष्यविनाको क्रुरता ? मेरो जवाफ स्पष्ट थियो । मैले अब उत्तर कोरियामा बस्ने कारण फेला पार्न सकिनँ ।

त्यसैले सन् २०१६ मा एक रात, मैले मेरो घर, परिवार र मैले जानेका सबै कुरा छोडेर मेरो बाल्यकालको साथी, युनसुङ पार्कसँग बरफको पानी कम्मर मुनिसम्म पुऱ्याएर यालु नदी पार गरेँ । म बाँच्ने बारेमा सोच्न सक्ने सबै कुरा थियो । त्यहाँबाट माउन्ट बेक्दु पुगेपछि, हामी तीन दिनसम्म पहाडहरूमा लुकेर बस्यौं । भोक र डरसँग लड्दै, दलाल आउने प्रतीक्षामा ।

तर चीनमा हामीलाई पर्खिरहेको वास्तविकता दुःस्वप्न थियो । दलालका लागि हामी किनबेच गर्नुपर्ने वस्तु थियौं । हामीलाई दुई विकल्प दिइएको थियो । विवाह गर वा उत्तर कोरिया फर्क । तर फर्कनु भनेको मृत्यु हो । एक दिन, मेरो साथी युनसुङ अचानक गायब भयो । दलालले भन्यो कि उनको विवाह भइसकेको छ । त्यतिबेला मैले आफ्नो भाग्य महसुस गरें ।

म जवान र सानो भएकोले मलाई धेरै मानिसहरूले अस्वीकार गरे । त्यसपछि दलालको घरमा नोकरजस्तै काम गर्न थालें । अन्ततः जब उसले मलाई बेच्न सकेन, उसले नयाँ प्रस्ताव गऱ्यो । अहिलेसम्म मैले गरेको खर्चका ऋण । म झस्कें । बाँच्नु थियो । त्यही भएर पनि म सहमत भएँ । तर उसले मलाई लगेको ठाउँ अर्को नर्क थियो त्यो हो- वेबक्याम सेक्स च्याट रुम ।

यो एउटा यस्तो संसार थियो जुन म बुझ्न सक्दिनथें । म हरेक रात रोएँ, मेरो इच्छाविपरीत यसमा संलग्न हुन बाध्य भएँ । म निराशाले कुचिएको थिएँ । पछि मलाई चिनियाँ प्रहरीले पक्राउ गर्ने र जबरजस्ती स्वदेश फिर्ता पठाउने जोखिमको सामना गर्नुपऱ्यो । तर भाग्यवश मलाई अर्को दलालको हातमा सुम्पियो जसले मलाई नयाँ मौका दियो- दक्षिण कोरिया जाने ।

दक्षिण कोरिया जाँदा डर लाग्यो । मलाई यसको बारेमा केही थाहा थिएन, र म डराएँ कि म मेरो परिवारलाई फेरि कहिल्यै देख्न सक्दिनँ । तर मसँग कुनै विकल्प थिएन । तेस्रो देश हुँदै खतरनाक यात्रा गर्दै, म अन्ततः मिसनरीहरू र कोरियाली दूतावासको सहयोगमा दक्षिण कोरिया पुगेँ ।

जब म पहिलोपटक आइपुगेँ । यो वास्तविक लागेन । तर जब म यहाँ बस्न थालेँ, मैले कति उत्पीडन र दुर्व्यवहार भोगेको महसुस गरें (उत्तर कोरिया र चीन दुवैमा) । मैले अन्ततः मानवअधिकारको अर्थ बुझें । दक्षिण कोरियामा म सम्मानका साथ बाँच्न सक्छु। म सिक्न, छनोट गर्न, बोल्न सक्छु । यी सबै कुरा जुन मैले पहिले असम्भव ठानेकी थिएँ । यो चमत्कार जस्तो लाग्यो ।

स्वतन्त्र जीवनको आनन्द लिँदा पनि म परिवार र मानिसहरूलाई कहिल्यै बिर्सन सक्दिनँ । म थोरै मात्रामा पैसा पठाउँछु ताकि मेरो परिवारले कम्तीमा खान सकुन् । तर यो कहिल्यै पर्याप्तजस्तो लाग्दैन । उत्तर कोरियामा अझै पनि धेरै मानिसहरू उत्पीडन, भोकमरी र कुनै पनि स्वतन्त्रताविना बाँचिरहेका छन् । मलाई आशा छ कि एक दिन उत्तर कोरिया स्वतन्त्र भूमि बन्ने छ । म त्यो परिवर्तनको सानो हिस्सा बन्न चाहन्छु ।

म तपाईंलाई मेरो हृदयको गहिराइबाट उत्तर कोरियामा मानवअधिकार संकटमा ध्यान दिन अनुरोध गर्दछु । कृपया उत्तर कोरियालीहरूले पनि एक दिन, म जस्तै, स्वतन्त्रता पाउन सकून् भन्ने कुरा सुनिश्चित गर्न मद्दत गर्नुहोस् । मलाई आशा छ कि मेरो सानो आवाज तपाईंको हृदयमा शक्तिशाली प्रतिध्वनि बन्न सक्छ ।

*(चोई उत्तर कोरियाली डिफेक्टर महिला हुन्)*



**गुन्द्री बुन्न सिक्दै महिला** | शुक्लाफाँटा नगरपालिका–९ नौखरीमा पटेरो नामक घाँसबाट गुन्द्री बुन्न सिक्दै थारु महिला । स्थानीय प्रशिक्षकको सहायतामा महिलाहरू गुन्द्री बुन्न सिक्दै छन् । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# बरियारपट्टीमा 'जनता आवास' अनुदानको घर प्रयोगविहीन

**सिरहा–** सिरहाको बरियारपट्टी-३ तिलैया मुसहर टोलस्थित निम्न आयस्तर भएका डोम समुदायका लागि मधेस प्रदेश सरकारले 'जनता आवास' कार्यक्रमअन्तर्गत दुई वर्षअघि निर्माण गरिदिएको घरहरू सतप्रतिशत प्रयोगमा आउन सकेका छैनन् ।

सिरहाको दक्षिणतर्फ पर्ने हुलाकी सडकले विस्थापित भएका १५ डोम परिवारलाई सरकारले दुई वर्षअघि तीन कोठे पक्की घर बनाइदिए पनि सात घरपरिवारले उक्त घर प्रयोग गरेनन् । जसले गर्दा ती घरहरूमा अहिले झार पलाएको अवस्था छ ।

यस ठाउँमा जम्मा १८ डोम समुदायको परिवार छ । जसमध्ये लालपुर्जा भएका १५ परिवारको जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माण गरिएको कार्यक्रमका प्राविधिक रवीन्द्र यादवले बताए । 'तीन घरपरिवारको लालपुर्जा नभएका कारण घर बन्न सकेको छैन,' उनले भने, 'पालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा उनीहरू जान नमानेपछि समस्या भएको हो । बनेका घरहरू सम्बन्धित व्यक्तिलाई दुई वर्षअघि हस्तान्तरण गरिसकिएको छ ।' उनका अनुसार एक घर निर्माण गर्न जनता आवास कार्यक्रमले तीन लाख ३२ हजार रूपैयाँ अनुदानमा उपलब्ध गराएको थियो ।

यो कार्यक्रम सञ्चालन गरिँदा कतिपय डोम परिवारले जमिन खोज्दै घर निर्माण गरेका थिए । आफ्ना नाममा जमिन नहुनेहरूले अर्कासँग जमिन खरिद गरी घर निर्माण गरेका थिए । यिनैमध्येका एक हुन् कैला मरिक । बाटो, बिजुली, खानेपानीको सुविधा नभएकाले बस्न नसकेको मरिकको भनाइ छ । उनले भने, 'अरू सुविधामा सरकारले बेवास्ता गरेका कारण उक्त घरमा नबसेर यही झुप्रोमा बस्नुपरेको हो ।' सरकारले घरसम्म जाने बाटो, बिजुली, खानेपानीको व्यवस्था गरिदिए आफूहरू तत्कालै उक्त घरमा सर्ने उनले बताए ।

पटक-पटक उक्त घरमा सर्न आग्रह गरे पनि उनीहरू नमानेको वडाको भनाइ छ । वडा नं ३ का वडाध्यक्ष विनोदकुमार यादवले डोम परिवार बजार छोडेर वरपर जानै नमान्ने गरेको गुनासो गरे । उनले भने, 'यदि उनीहरू उक्त घरमा बस्ने सुनिश्चित भए वडाले तत्कालै बाटो, बिजुली, खानेपानीको व्यवस्था गरिदिन्छ । तर जाने निश्चित उनीहरूले गर्नुपर्छ । हामीले लगानी गरेर उनीहरू गएनन् भने वडाको लगानी पनि बालुवामा पानीसरह हुने भयो नि ।'

वडाध्यक्ष यादवका अनुसार यहाँका डोम समुदाय बाँसबाट बुनेका सामग्री बनाउने र बजारमा बेच्ने हुँदा उक्त स्थान छोड्न नमान्ने प्रवृत्ति रहेको छ । हुलाकी सडक विस्तारको काम पुनः सञ्चालन हुँदा डोम समुदायले अहिले वसोबास गरिरहेको थातथलो पनि छोड्नुपर्ने अवस्था आउने र त्यो बेला उक्त घरहरू प्रयोगमा आउनसक्ने उनले बताए ।

यहाँका स्थानीय जनता आवस कार्यक्रमले कतिपय घरहरू पूर्णरूपमा निर्माण नै नभई जीर्ण भएको भन्दै सरकारको लगानी बालुवामा पानीसरह भएको बताउँछन् । घर निर्माण भइसकेपछि केही डोम परिवार निकै हर्षित भए भने आधा दर्जनभन्दा बढी घरहरू बेवारिसे र जीर्ण बने । यसको उपयोगिताका लागि पालिकाले ठोस पहल गर्नुपर्ने स्थानीयको माग छ । *रासस*

# बौद्ध शिक्षा संसारभर फैलाउन जोड दिऔं : प्रधानमन्त्री

■ **प्रभाव संवाददाता**



**लुम्बिनी–** प्रधानमन्त्री केपी शर्मा ओलीले द्वन्द्व र द्वेष बढेको वर्तमान अवस्थामा बौद्ध धर्मका प्रवर्तक महात्मा बुद्धद्वारा प्रतिपादित शान्तिको मार्गमा हिँड्न सबैलाई प्रेरित गर्नुपर्नेमा जोड दिएका छन् । उनले बुद्धले देखाएको अहिंसा र शान्तिको मार्गलाई संसारभर फैलाउने बेला आएको पनि बताएका छन् ।

बुद्ध जन्मस्थल लुम्बिनीमा शनिबारदेखि सुरु भएको चौथो एसियाली बौद्ध सांस्कृतिक महोत्सवको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले यस किसिमका कार्यक्रमले लुम्बिनीलाई अन्तरर्ाष्ट्रिय बौद्ध दर्शन र शिक्षाको अझ ठूलो केन्द्रबिन्दु बनाउन सहयोगी हुने विश्वास व्यक्त गरे । उनले दुनियाँमा युद्धका बादलहरू मडारिरहेको अवस्थामा युद्ध गर्नका लागि, सैन्य शक्तिलाई परिचालन गर्नका लागि जल, स्थल र आकाश सबै ठाउँबाट सबै ठाउमा युद्ध गर्न सकिने अत्याधुनिक हतियार निर्माण भएका छन्, विश्वशान्तिका लागि चुनौती बनेका बताए । 'संसारमा खतरनाक हतियार निर्माण भएका छन्, युद्ध र हिंसाबाट शान्ति स्थापना हुँदैन,' प्रधानमन्त्री ओलीले भने । उनले बौद्ध धर्म, कला, साहित्य, इतिहास, अनुसन्धान र अन्तरसंवादका माध्यमबाट एसियाली बौद्ध संस्कृति र सम्पदाको प्रवर्द्धन गरी विश्वशान्ति स्थापनामा महोत्सवबाट सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले दुनियाँमा अशान्ति मच्चिरहेका बेला नेपालको अगुवाइमा गौतम बुद्धले देखाएका अहिंसा, शान्ति, मानवता र करुणा विस्तार भइरहेको बताए । उनले लुम्बिनीमा बुद्धका विचारहरूका बारेमा शिक्षा ग्रहण गर्ने, प्रवचन दिने, मन्थन गर्ने, ध्यान विपश्यना गर्नेजस्ता कार्यक्रमका लागि उपयुक्त स्थानको व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको ध्यानाकर्षण गराए ।

बौद्ध संस्कृति, चिनियाँ संस्कृति, कला, परम्परागत बौद्ध चिकित्सा तथा बौद्ध शिक्षामा केन्द्रित रहेर ४० वटा कार्यपत्र महोत्सवमा प्रस्तुत गरिने जनाइएको छ । महोत्सवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायतको उपस्थिति थियो । महोत्सवमा ४० देशका प्रतिनिधि सहभागी छन् ।

महोत्सव बौद्ध दर्शन र संस्कृतिको प्रवर्द्धन गरी विश्वमा शान्ति, सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले लुम्बिनी विकास कोष, सारिपुत्र फाउण्डेशन नेपाल र चिनियाँ संस्कृति प्रवर्द्धन समाजले आयोजना गरेको हो ।

# सीमा क्षेत्रका स्थानीयलाई दिइयो आस्थायी प्रवेश पास

**सिमकोट (हुम्ला)–** व्यापार व्यवसायका निम्ति चीनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोट जान चाहनेहरूलाई अस्थायी प्रवेश पास वितरण गरिएको छ । जिल्ला प्रशासन कार्यालयको टोलीले उत्तरी नाम्खा गाउँपालिकाको सीमावर्ती क्षेत्रमा पुगेर पास वितरण गरेको हो ।

पुराङ काउन्टीको ताक्लाकोटबाट तिब्बतका विभिन्न स्थानमा आवतजावत गर्न तुम्कोट, याल्वाङ, हिल्सा, यारीलगायत क्षेत्रमा पुगेर ३७४ जनालाई नयाँ अस्थायी प्रवेश पास र पुरानो नवीकरण गरिएको प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले बताए । हालसम्म जिल्ला प्रशासन कार्यालयबाट सात हजार ५४५ जनाले ताक्लाकोट आवतजावत गर्न प्रवेश पास लिएका उनले जानकारी दिए ।

हिउँदयामको हिउँले यारी नाकाको ठाडो ढुंगा क्षेत्रको सडक नखुलेका कारण दुई घण्टाको ओरालो पैदल हिँडेर हिल्सा पुगेको प्रमुख जिल्ला अधिकारी पाण्डेयले बताए । गाडी यारीसम्म मात्रै जाने भएकाले हिल्सा पुग्न ओरालो दुई घण्टा र हिल्साबाट उकालो यारी पुग्न चार घण्टाको पैदलमा भएर नागरिकको सेवा गरेको उनले बताए ।

सीमावर्ती पास वितरणका क्रममा चीनको ताक्लाकोटबाट नवीकरणका लागि बाटोमा आफूलाई पछ्याउँदै आएका दुई जनालाई वितरण गरेको प्रमुख जिल्ला अधिकारी पाण्डेयले बताए । *रासस*

# वन्यजन्तु जोगाउन १० वर्षदेखि राप्ती सरसफाइ

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने राप्ती नदीको विगत १० वर्षदेखि सरसफाइ गरिँदै आएको छ । अभियन्ताहरूले स्वतस्फूर्त रूपमा नदी र आसपासका क्षेत्रमा मुख्यरूपमा प्लास्टिकजन्य वस्तु संकलन गर्दै आएका हुन् ।

राप्ती सरसफाइ अभियानका संस्थापक अध्यक्ष अपिल घिमिरेका अनुसार २०७२ माघ २३ गतेदेखि हरेक हप्ताको शनिबार बिहान ८ बजे यो अभियान गर्ने गरिएको छ । नदीको मुहान मकवानपुरको त्रिखण्डीदेखिचितवनकोमेघौलीस्थित गोलाघाटसम्म सरसफाइ गरिँदै आएको छ । नदीमा रहेका जलचर र निकुञ्जमा वन्यजन्तु प्लास्टिकबाट प्रभावित हुने भएकाले उनीहरूलाई जोगाउनु मुख्य उद्देश्य रहेको घिमिरेले बताए । स्थानीय जनतालाई सहभागी गराएर ५० देखि १०० जनासम्म प्रत्येक हप्ता सहभागी हुने गरेका छन् । ५० जना हाराहारी नियमित अभियानमा जुट्ने अभियान्ता रहेको उनले जानकारी दिए ।

हालसम्म ५०० पटक २२ हजार स्वयंसेवकले सरसफाइ अभियानमा सहभागी भइसकेका छन् । नदीको विभिन्न ठाउँमा पुगेर सोही ठाउँका स्थानीयवासी, जनप्रतिनिधिलाई सहभागी गराएर सरसफाइ गरिँदै आएको घिमिरेले बताए । हालसम्म अभियानमा वनमन्त्री, पर्यटनमन्त्री, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, विभिन्न पालिकाका प्रमुख, उपप्रमुखलगायतका जनप्रतिनिधि सहभागी भइसकेका छन् । चितवन राष्ट्रिय निकुञ्जका कर्मचारी र सुरक्षार्थ खटिएको नेपाली सेना पनि अभियानमा सहभागी हुने गरेका छन् । दिवस परेका बेला दाताहरूसँग ग्लोब्स, डस्बिन, कुचो, बोरा, डोको, मास्क जुटाउने गरिएको भए पनि अन्य समयमा आफैं सरसफाइ सामग्री लिएर अभियान सञ्चालन गर्दै आएको उनले बताए । नदी र आसपासका क्षेत्रमा छरिएका प्लास्टिक वन्यजन्तुले घाँससँगै खाने र स्वास्थ्यमा प्रतिकूल असर पर्ने गर्दछ भने जालजस्ता वस्तुमा परेर कतिपय वन्यजन्तु र जलचर मर्नेसमेत गरेका छन् ।


**मलेसियामा रोजगार** कम्पनी : MESTIKA RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | LT. No.322579 | चलानी नं. ६०२३६७०८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security | 103 | 0 | 1700 | ५३,०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २१ गते (4th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**साउदीमा रोजगार** कम्पनी : Samaya Group Company Limited

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | LT. No. 322355 | चलानी नं. ६०२३६६९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading & Unloading Workers | 140 | 0 | 1000 | ३६,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २१ गते (4rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**साउदीमा रोजगार** कम्पनी : ABDULRAHMAN MOHAMMED AL RASHID CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | LT. No. 322662 | चलानी नं. ६०२३६७१४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Constructing worker | 2 | 0 | 1000 | २२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २१ गते (4th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



सुदूरपश्चिम प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल, डोटी**

**पशुपन्छी तथा मतस्य सम्बन्धी यान्त्रीकरण अनुदानको लागि आपूर्तिकर्ताबाट सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/१४**

यस निर्देशनालयको (आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत वार्षिक कार्यक्रम) साझेदारीमा साइलेज मेशिन वितरण (कृष्णपुर न.पा.) र कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७६ अनुसार ५० प्रतिशत अनुदानमा पशुपन्छी तथा मत्स्य सम्बन्धी यान्त्रीकरण सहयोग कार्यक्रमअन्तर्गत स्विकृत कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ को दफा ३ (२) अनुसार गठित कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन समितिको निर्णयअनुसार तपसिलअनुसारको Sillage Baler -1 (one set) And Static Forage harvester (2000kg/hr capacity) -1 (one set) के कति दरभाउमा आपूर्ति गराउन सक्ने हो रुसो सम्बन्धी वोलपत्रप्रस्ताव पेश गर्न इजाजत प्राप्त पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार उपकरण उत्पादक र आपूर्तिकर्ता र फार्महरूले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्बन्धित कानूनको परिधिभित्र रही समितिले निर्धारण गरेका तपसिलअनुसारका उपकरणहरू आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरूले अनुसुचि ३ अनुसारको फारम भरी यो सूचनामा उल्लेखित सर्तहरूको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको १२.०० बजेभित्र र उक्त दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन यस निर्देशनालयमा सिलबन्दी बोलपत्र प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकाबित गरिएको छ । सूचनामा प्रकाशित भएको मितिले पच्चिसौं दिन (मिति २०८२/०२/०७) मा Pre-proposal clarification Meeting हुनेछ । साथै उक्त बैठक सञ्चालन नभएमा पनि यस सूचनालाई कुनै वाधा हुने छैन ।

**समाग्रीको विवरण :**

**तपसिल**

1.Sillage Baler 1 (one set) 2. Static forage harvester (2000kg/hr Capacity)

**आवश्यक सर्तहरू :**

१. दरभाउ पेश गर्दा रु.१० को टिकट टाँस गरी निवेदन साथ फर्म दर्ता प्रमाण पत्र संस्था नविकरण प्रमाण-पत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र, पछिल्लो ३ आ.व.को लेखा परिक्षरण प्रतिवेदन, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाण (पत्र वा आन्तरिक राजश्व कार्यालयबाट म्याद थप भएको पत्र, फर्मको व्यावसाय इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र आधिकारीक डिलर वा सर्भिस सेन्टरको संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित (नोटरी पब्लिकबाट) प्रतिलिपिहरू संलग्न राखी पेश गर्नु पर्ने छ ।

२. प्रस्ताव फारममा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रूपैयाँ प्रति इकाई मुल्य दर अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

३. प्रस्ताव साथ औजार उपकरण उत्पादक कम्पनीको आधिकारिक विक्रेता तथा एजेन्ट (Authorized Agent) डिलरसिप रहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

४. पशुपन्छी तथा मत्स्यजन्य औजार उपकरणहरूको Specification ब्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue, Leaflet वा Brochure अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

५. यस निर्देशनालयको कार्यक्षेत्रका जिल्लाहरू मध्ये कृष्णपुर नगरपालिका नगरकार्यपालिका कार्यालय कृष्णपुर गुलरियासम्म स्वीकृत पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार उपकरणको परिमाण पुऱ्याउने जिम्मेवारी आपूर्तिकर्ताको हुनेछ ।

६. पेश भएका प्रस्तावहरू यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको दिउँसो २:०० बजेभित्र यस कार्यालयमा प्रस्तावदाता प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । तर प्रस्तावदाता प्रतिनिधिहरू उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

७. यो सूचना वमोजिम उपलब्ध गराउने उपकरणहरूको कूल मूल्यको २.५५ हुन आउने रकमको क वर्गका वाणिज्य बैंकबाट जारी भई २०८२ माघ मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम नगद प्रदेश लेखा इकाई कार्यालय डोटीको एकल धरौटी खाता नं.४१००१००२०२०३०००० मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

८. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ प्रथम संशोधन २०७७ वमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

९. प्रचलित कानून र शर्तअनुसार प्रस्ताव आंशिक वा पूर्णरूपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस निर्देशनालयमा रहनेछ ।

१०. अन्य कुरा प्रचलित कानून वमोजिम हुनेछ ।

***नोट*** *: आवश्यक अनुसूची, Specification यस निर्देशनालयको वेवसाइट www.dolfddipayal.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै थप जानकारीका लागि यस निर्देशनालयको फोन नं.०९४-४४०१४६ मा सम्पर्क राख्नु हुन र सूचना अधिकारी श्री पुष्करराज नाथ मोवाइल नं.९८५८४४०२२६ मा सम्पर्क गर्न सकिने छ ।*

**प्रमुख प्रशासकीय अधिकृत**

### 'बले'लाई पुत्रलाभ

चर्चित कलाकार सागर लम्साल 'बले' लाई पुत्रलाभ भएको छ । गत बिहीबार लम्सालकी पत्नी स्नेहा दंगालले छोरालाई जन्म दिएकी हुन् । शनिबार स्नेहा र छोरालाई ओम अस्पतालबाट डिस्चार्ज गरिएको छ । लम्साललले आमा र छोरा दुवैको अवस्था अहिले सामान्य रहेको बताएका छन् । लम्साललले गत असार ३० गते झापाकी स्नेहासँग विवाह गरेका थिए ।



## देवकोटा साहित्य पुरस्कार खतिवडा र विरहीलाई

■ प्रभाव संवाददाता



**झापा–** नेपाली भाषा, साहित्य र कलाको संरक्षणमा योगदान पुऱ्याएको भन्दै भारतको सिलगढीका साहित्यकार ज्ञानेन्द्र खतिवडा र भद्रपुरका साहित्यकार विरही अधिकारीलाई तेराख महाकवि देवकोटा साहित्य पुरस्कार प्रदान गरिएको छ ।

साहित्यकार तेराख प्रतिष्ठानले आज मेचीनगरको धुलाबारीमा एक कार्यक्रमका बीच दुवै साहित्यकारलाई जनही रु ५१ हजार नगदसहित पुरस्कृत गरेको हो । कार्यक्रममा भारतीय नेपाली साहित्यकार मिलन रुचालले सम्मानित साहित्यकारद्वय खतिवडा र विरहीलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरे ।

प्रतिष्ठानले वातावरण संरक्षण र कृषिको आधुनिकीकरणमा योगदान पुऱ्याउने बुद्धशान्ति गाउँपालिका-६ निवासी कृषिविज्ञ राजेन्द्र भट्टराईलाई रु २१ हजार नगदसहित मधुसुदन कृषि पुरस्कार प्रदान गरेको छ ।

धुलाबारी माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत् छात्रा स्मृति लिम्बूलाई उदीयमान प्रतिभाका रूरूपमा रु २१ हजार नगदसहित पद्मादेवी छात्रा पुरस्कार प्रदान गरिएको प्रतिष्ठानका अध्यक्ष शिवकुमार पौड्यालले जानकारी दिए ।

यसैगरी, मेचीनगर-१५ ज्यामिरगढीस्थित सहिद वीरेन स्मृति प्रतिष्ठानले आजै एक समारोहबीच शिक्षा, पत्रकारिता र कृषि क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको भन्दै क्रमशः भीम खवास, मोहनकाजी र चुण्डा हस्दालाई सम्मानित गरेको छ ।

प्रतिष्ठानबाट अभिनन्दित खवास शिक्षा, साहित्य र राजनीतिक क्षेत्रका अगुवा, ज्यामिरगढी माध्यमिक विद्यालयका संस्थापक प्रधानाध्यापक र धुलाबारी क्याम्पस सञ्चालक समितिका अध्यक्ष हुन् ।

सम्मानित पत्रकार काजी लोकतन्त्र पोष्टका सम्पादक एवं नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सदस्य हुन् । अर्का सम्मानित व्यक्तित्व हस्दा सन्थाल समुदायको अगुवा हुन् ।

कार्यक्रममा प्रतिष्ठानले मेचीनगरको उत्कृष्ट विद्यालयका रूपमा मेचीनगर-१४ स्थित बालसुबोधिनी माध्यमिक विद्यालयलाई सम्मानित गरेको छ । विद्यालयका प्रधानाध्यापक विश्व थापाले उक्त सम्मान ग्रहण गरेका थिए ।

मेचीनगर नगरपालिकाकी कार्यवाहक अध्यक्ष मीना उप्रेतीले सम्मानित सबैलाई दोसल्ला ओढाउनुका साथै सम्मानपत्र प्रदान गरेकी थिइन् । विसं २०२९ फागुन २१ गते झापाबाट इलामको जेल सार्ने निहुँमा सुखानीमा लगी हत्या गरिएका झापा विद्रोहका पाँच सहिदमध्ये वीरेन राजवंशीको स्मृतिमा उक्त प्रतिष्ठान २०६६ सालमा स्थापना भएको प्रतिष्ठानका अध्यक्ष पदम गौतमले जानकारी दिए ।

## नवीन के भट्टराई ब्याण्डसहित लण्डनमा

■ प्रभाव संवाददाता

**लन्डन–** लन्डनमा यही आइतबार हुन् गइरहेको 'लाफ्टर फर लाइफ' कार्यक्रममा सहभागी हुन गायक नवीन के भट्टराई र उनको ब्यान्ड 'अतृप्त' शुक्रबार लन्डन आइपुगेको छ । आइतबार हुन लागेको कमेडी र सङ्गीत मिश्रित कार्यक्रम 'लाफ्टर फर लाइफ' का लागि गायक भट्टराई र ब्यान्ड ६ सदस्य शुक्रबार लन्डन हिथ्रो उत्रिएका हुन् ।


कलाकारहरूलाई आयोजक माया इभेन्ट्सका तर्फबाट राज पाण्डेसहित अन्य सदस्यहरूले स्वागत गरेका थिए। गायक भट्टराईले २७ अप्रिल साँझ लन्डन हयारो लिजर सेन्टरमा हुन गइरहेको 'लाफ्टर फर लाइफ' कार्यक्रममा आएर 'इन्जोय' गर्न अपिल गरे ।

'यस्तो मौका सधैं जुर्दैन । हामीहरू लाइभ गीत सङ्गीत प्रस्तुत गर्न धेरै टाढाबाट आएका छौं । तपाईंहरू आएर साथ दिनुपर्छ है' उनले भने । महानायक राजेश हमाल र हास्य कलाकार सन्दीप क्षेत्री (मिस्टर ह्याप्पी) यस अघि नै लन्डन आइसकेका छन् ।

महानायक हमाल पहिलो पटक स्ट्याण्ड अप कमेडीका रूपमा स्टेजमा उत्रनेछन् । माया इभेन्ट्सका निर्देशक राज पाण्डेले आफूहरू इभेन्ट ऐतिहासिक बनाउन जुटिरहेको जनाउँदै समस्त दर्शकहरूलाई पनि कार्यक्रममा आएर साथ दिन अनुरोध गरे । 'यस्तो कार्यक्रम एक ठाउँ ह्यारोमा मात्र हुने भएकोले मिस नगर्नुहोला' उनले भने ।

## 'जन्ते बाख्रो'को दोस्रो गीत सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** सिमोस सुनुवार निर्देशित फिल्म 'जन्ते बाखो' को दोस्रो गीत 'अंगुरको झुप्पो' सार्वजनिक गरिएको छ । गीतमा महेश काफ्लेको शब्द तथा संगीत छ । रिकेश गुरुङको एरेञ्ज रहेको गीतमा महेश र अस्मिता अधिकारीको स्वर छ ।

गीतको भिडियोमा फिल्मका मुख्य कलाकार आशिफ शाह र गरिमा शर्मा फिचर्ड छन् । भिडियोमा आशिफले गीत मार्फत गरिमाको तारिफ गरेर फकाउँदै गरेको देख्न सकिन्छ ।

फिल्ममा सौगात मल्ल, रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेर लगायतका कलाकारहरूको अभिनय छ ।

मुईन इन्टरटेनमेन्टको प्रस्तुति रहने 'जन्ते बाखो' सामाजिक कमेडी कथावस्तुमा निर्माण भएको छ । प्रदीप भारद्धाजको कथा, पटकथा र संवाद लेखन रहेको फिल्मका निर्माता सन्तोष गौतम हुन् ।

नेपाली समाजमा बेहुली भित्र्याउने दिन जन्तीलाई खुवाइने भोजलाई जन्ते बाखो भन्ने गरिन्छ । फिल्मको कथावस्तु यसैको वरिपरि आधारित रहको छ । आगामी जेठ २३ गतेबाट नेपाल विदेशमा एकसाथ रिलिजमा आउँदैछ ।

## दीपक लिम्बूको सांगीतिक साँझ हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं –** गायक दीपक लिम्बूको पहिलो स्वर्णिम सांगीतिक साँझ हुने भएको छ । 'नेपाली तारा'को विजेता बनेको २० वर्ष पूरा भएको र लिम्बूको जन्मदिनको अवसर पारी आगामी भदौ १७ गते सांगीतिक साँझ गर्न लागिएको ओएस म्युजिकका प्रबन्ध निर्देशक आशिष भट्टराईले जानकारी दिए ।

संस्थाले शनिबार पत्रकार सम्मेलन गरेर गायक लिम्बूको पहिलो स्वर्णिम साँझ गर्ने तयारी गरेको जनाएको हो । 'अग्रज कलाकारको सम्मान र ताप्लेजुङका बालबालिकालाई स्टेशनरी सहयोगार्थ कार्यक्रम गर्न लागेका हौं', भट्टराईले भने ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा हुने साँझमा २५ जना लाइभ वाद्यवादकको टमसँग गायक लिम्बूले आफ्ना र अग्रज कलाकारका गीत प्रस्तुत गर्नेछन् । टिकट दर भने १ हजार र ५०० रूपैयाँ रहेको छ ।

पत्रकार सम्मेलनमा गायक लिम्बूले सांगीतिक साँझलाई लिएर आफू उत्साहित रहेको बताए ।

लिम्बू २०६२ सालमा 'नेपाली तारा पहिलो संस्करणको विजेता बनेका थिए । २०७३ सालमा नारायणगोपाल युवा संगीत पुरस्कार समेत पाएका उनको 'मैले त्यही भएर मन पराको', 'यहाँ देशको छ चिन्ता', 'मुटु माग्यौ तिमीले', 'ढल्क्यो ढल्क्यो', 'मैले माया गर्न जानिनँ होला' जस्ता दर्जनौं गीत लोकप्रिय छन् ।



'बी' डिभिजन लिग

## ललितपुर फेरि च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग (एनएसएल) को उपाधि ललितपुर सिटी एफसीले हात पारेको छ । फाइनलका लागि मैदानमा उत्रिएको पोखरा थन्डर्सविरुद्ध २-१ को जित हात पार्दै ललितपुर दोस्रो पटक च्याम्पियन बनेको हो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न खेलमा ललितपुरले दुई विदेशी खेलाडीको गोलमा २-१ को जित हात पारेको हो । ललितपुरले गत संस्करणमा धनगढी एफसीलाई ३-२ ले पराजित गर्दै पहिलोपल्ट उपाधि जितेको थियो ।

यसपल्ट भने ललितपुर र पोखराले धनगढीलाई पाखा लगाउँदै फाइनलमा स्थान बनाएका थिए । ललितपुरले अपराजित रहँदै उपाधि जित्दा पहिलोपल्ट फाइनल पुगेको पोखराका लागि भने यो खेल पीडादायी बन्यो ।

ललितपुरलाई जित दिलाउन इजिकेलले यसपल्ट पनि उत्कृष्ट प्रदर्शन गरे । उनले एक गोल र एक असिस्ट गरे ।

अर्को गोल भने पापा इबु केबले गरेका हुन् । पोखराका सुदील राईले गरेको गोल सान्त्वनाबाहेक केही रहेन । ललितपुरले ४२ औं मिनेटमा गोल गरेको थियो । तर, ६४औं मिनेटमा सुदीलले पोखरालाई खेलमा फर्काए ।

तर, १० मिनेटपछि नै ललितपुर पुनः खेलमा फर्कियो । इजिकेलले पेनाल्टी बक्सनजिकबाट दिएको बललाई पापाले कन्ट्रोल गर्दै गोलमा परिणत गरे ।

पापाको पनि यो दोस्रो गोल हो । त्यसपछि खेलमा कुनै गोल हुन सकेन र ललितपुरले उपाधि हात पाऱ्यो ।

## भक्तपुरमा फुल कन्ट्याक्ट किकबक्सिङ राष्ट्रव्यापी प्रतियोगिता हुने

■ प्रभाव संवाददाता





**भक्तपुर–** राष्ट्रिय किकबक्सिङ संघ भक्तपुरले जिल्लामा पहिलो पटक राष्ट्रव्यापी किकबक्सिङ प्रतियोगिता गर्ने भएको छ । संघले शनिबार पत्रकार सम्मेलन गर्दै यही बैशाख १९ र २० गते राष्ट्रव्यापी फुल कन्ट्याक्ट किकबक्सिङ प्रतियोगिता गर्न लागेको जानकारी दिएको हो ।

प्रतियोगितामा महिला र पुरुषतर्फका विभिन्न ११ वटा तौल समूहमा स्पर्धा गराइने राष्ट्रिय किकबक्सिङ संघ भक्तपुरका अध्यक्ष कृष्णराम जाकिबञ्जारले जानकारी दिए । उनका अनुसार पुरुषतर्फ ५१, ५४, ५७, ६३.५, ६७ र ७५ केजी तथा खुला गरी सात र महिलातर्फ ५२, ५७ र ६० केजी तथा खुला गरी चार समूहमा प्रतिस्पर्धा हुनेछ ।

विश्व किकबक्सिङ महासंघको के-१ नियमावलीअनुसार प्रतियोगिताको प्रत्येक बाउट ३ राउन्डको हुनेछ । जसमा प्रत्येक राउन्ड २ मिनेटको हुने संघले जनाएको छ ।

अध्यक्ष जाकिबञ्जारले प्रतिशयोगितामा २० भन्दा बढी जिल्लाका करिब २०० खेलाडी सहभागी हुने अनुमान गरिएको बताए । जसमा काठमाडौं उपत्यकाका खेलाडीहरूलाई आयोजकले खाने तथा बस्ने व्यवस्था गरिएको छ । प्रतियोगितामा भाग लिने खेलाडीहरूको तौल जाँच बैशाख १८ गते हुने र सोही दिन खेल तालिका सार्वजनिक गरिने उनले बताए । संघका महासचिव राजुसिं बजिकोले प्रतियोगिता अवधिभरका लागि सहभागी सबै खेलाडीको २ लाख रूपैयाँको बीमासमेत गरिएको बताए ।

उनका अनुसार प्रतियोगितामा २ वटा व्यावसायिक प्रो-फाइट खेलसमेत हुने जानकारी दिए । जसमा भक्तपुरका २ जना बाँकी भक्तपुर बाहिरका व्यवसायिक किकबक्सिङ खेलाडी रहनेछन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरू स्वर्ण, रजत र काँस्य पदकसहित नगद पुरस्कारको व्यवस्था गरिएको छ । त्यस्तै सर्वाधिक पदक जित्ने जिल्ला टीमलाई छुट्टै विशेष पुरस्कार व्यवस्था गरिएको अध्यक्ष जाकिबञ्जारले जानकारी दिए ।

नगद पुरस्कार र व्यवसायिक प्रो-फाइट गर्ने खेलाडीहरूबारे प्रतियोगिता सुरु भएपछि जाानकारी दिइने उनले बताए ।

शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल

## एपिएफलाई पराजित गर्दै पुलिसलाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल पुलिस क्लबले पहिलो पटक केएनपी नेरोल्याक शेर बहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबलको उपाधि जितेको छ ।

शनिबार भएको आठौं संस्करणको फाइनलमा पुलिसले ६ पटकको विजेता एपीएफलाई सोझो सेटमा हरायो ।

राखेप कभर्डहलमा शनिबार भएको फाईनलमा पुलिसले एपिएफलाई २५-१५, २५-२३, २६-१६ ले पराजित गर्दै पहिलो पटक च्याम्पियन बनेको हो ।

प्रतियोगितामा न्यू डायमन्ड क्लब तेस्रो भएको थियो । शनिबारै सम्पन्न तेस्रो स्थानको खेलमा न्यूडायमन्डले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो ।

शेर बहादुर खड्का स्मृति प्रतिष्ठानको आयोजनामा भएको प्रतियोगितामा ५ टिम सहभागी थिए ।




क्याथोलिक चर्चका प्रथम ल्याटिन अमेरिकी नागरिक तथा गरिब पक्षधर क्रिश्चियन धर्मगुरू पोप फ्रान्सिसको अन्त्येष्टि समारोहका लागि शनिबार फ्रान्सको भ्याटिकनस्थित 'सेन्ट पिटर्स स्क्वायर'मा जम्मा भएका मानिसहरू (बाँया) र स्वर्गीय पोप फ्रान्सिसको शवपेटी बोकेर लैजाँदै पालबियररहरू। फ्रान्सिसको गत सोमबार ८८ वर्षको उमेरमा निधन भएको हो। *तस्बिरः एएफपी*

# रूस र युक्रेन सम्झौताको निकै नजिक : *ट्रम्प*



**रोम, इटाली–** रुस र युक्रेनबीच शान्ति सम्झौताको प्रयास भइरहेको र 'सफलतापूर्वक' सम्झौतामा पुग्ने विश्वास अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लिएका छन् । राष्ट्रपति ट्रम्पले रुस र युक्रेन सम्झौताको निकै नजिक पुगेको बताएका छन् ।

अमेरिकी विशेष दूत स्टिभ ह्विटकोफ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच मस्कोमा भएको भेटवार्ताको केही घण्टापछि ट्रम्पले यस्तो दाबी गरेका हुन् । रूसी नेता पुटिनका सहयोगी युरी उशाकोभले पुटिन र स्टिभ विटकोफबीच भएको वार्ता 'रचनात्मक र फलदायी' भएको बताएका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले रुस र युक्रेनबीच शान्ति सम्झौता गर्ने प्रयास सफलतापूर्वक अघि बढेको बताएका छन् । यसैबीच युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शुक्रबार राति एक भिडियो सम्बोधनमा भनेका छन्, 'रुसलाई विनासर्त युद्धविराम स्वीकार गर्न वास्तविक दबाब दिन आवश्यक छ ।' पुटिनले जेलेन्स्कीसँग ससर्त वार्ता गर्न आफू तयार रहेको हालै संकेत गरेका थिए । *रासस⁄एएफपी*

# गुजरातबाट ५५० भन्दा बढी बंगलादेशी आप्रवासी पक्राउ



**भारत (गुजरात)–** नक्कली कागजातहरूका साथ भारतमा बसोबास गरेको आरोपमा बंगलादेशका ५५० भन्दा बढी अवैध आप्रवासीहरूलाई अहमदाबाद र सुरतमा हिरासतमा लिइएको गुजरात प्रहरीले शनिबार जनाएको छ । प्रहरी अधिकारीकाअनुसार प्रमाणीकरण तथा सोधपुछ भएपछि निर्वासन कारबाही हुने छ ।

विशेष परिचालन समूह (एसओजी) अपराध शाखा, मानव बेचबिखन विरोधी एकाइ (एएचटियू) अपराध शाखा रोकथाम (पिसिबी) र स्थानीय प्रहरीसहितका कानुनसम्मत एकाइहरूले संयुक्त कारबाहीको नेतृत्व गरेका थिए । अधिकारीहरूले हिरासतमा लगिएका सबै व्यक्तिहरू आवश्यक कागजातविना भारतमा रहेको तथा निवास स्थापना गर्नका लागि नक्कली कागजातहरू प्रयोग गर्ने गरेको पुष्टि गरेका छन् ।

सुरतमा एसओजी, डिसिबी, एएचटियू, पिसिबी र स्थानीय प्रहरीको संयुक्त अपरेसनको परिणामस्वरूप १०० भन्दा बढी बंगलादेशी नागरिक पक्राउ परेका थिए । 'उनीहरू अवैधरूपमा भारतमा प्रवेश गरेका थिए र नक्कली कागजात लिएर सुरतमा बस्दै आएका थिए,' अनुसन्धानपछि उनीहरूलाई स्वदेश पठाइने बताउँदै विशेष कारबाही एकाइका प्रहरी उपायुक्त राजदीप सिंह नकुमले बताए ।

अपराध शाखा, एसओजी, आर्थिक अपराध शाखा (इओडब्ल्यू) जोन-६ र मुख्यालयका टोलीहरूले अवैध आप्रवासी भएको शंकामा शनिबार अहमदाबादम गरिएको अपरेसनमा ४५० भन्दा बढी व्यक्तिहरूलाई हिरासतमा लगिएको जनाइएको छ । अपराध शाखाका डिसिपी अजित राजियानले घटनाको पुष्टि गरेका छन् ।

प्रहरी आयुक्त, अपराध शाखा अहमदाबादका शरद सिंहले गृहमन्त्री र प्रहरी महानिर्देशकको आदेशको पालना गर्दै कारबाही गरेको बताएका छन् । गृहमन्त्री, सिपी र डिसिपीले अवैध आप्रवासीलाई हिरासतमा राख्न निर्देशन दिएको बताउँदै राजियानले अपराध शाखाले अप्रिल २०२४ देखि अहिलेसम्म दुईवटा एफआइआरएस दर्ता गरेको र १२७ जना अवैध बंगलादेशीहरू अपहरण गरी ७७ जनालाई निर्वासितसमेत गरिएको पुष्टि गरेका छन् ।

अहमदाबादमा पछिल्लो अपरेसनमा उल्लेख्य संख्यामा कागजातविहीन आप्रवासीहरू रहेको आशंकाको आधारमा गरिएको जनाइएको छ । चाण्डोला क्षेत्रमा ठूलो संख्यामा बंगलादेशीहरू बसोबास गरिरहेको सूचनाको आधारमा प्रहरीले गरेको कारबाहीमा अहिलेसम्म ४५७ जनालाई पक्राउ गरेको र सोधपुछपछि निर्वासन प्रक्रिया थालिने प्रहरीले जनाएको छ । *रासस⁄एएनआई*

# जम्मू-कश्मीरमा भएको आक्रमणको राष्ट्रंघद्वारा निन्दा




**न्युयोर्क–** संयुक्त राष्ट्र सुरक्षा परिषद् (युएनएससी) ले २२ अप्रिलमा जम्मू-कश्मीरमा भएको आतंकवादी आक्रमणको कडा निन्दा गर्दै न्यायको माग गरेको छ । आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु भएको थियो भने कयौं घाइते भएका थिए ।

अप्रिल २५ मा जारी गरिएको प्रेस विज्ञप्तिमा काउन्सिलका अध्यक्ष फ्रान्सका जेरोम बोनाफन्टले पीडित भारत र नेपाल सरकार तथा पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । आक्रमणले विश्वव्यापी आक्रोश निम्त्याएको जनाउँदै युएनएससीले अपराधीहरूलाई न्यायको कठघरामा ल्याउने तत्कालीन आवश्यकतामा जोड दिएका छन् ।

आतंकवाद विश्वव्यापी शान्ति र सुरक्षाका लागि खतरा भएको परिषद्ले उल्लेख गरेको छ । विज्ञप्तिमा कुनै पनि निर्दोष नागरिकहरूलाई लक्षित गरी आक्रमण गर्न नहुने विषयमा जोड दिएको छ । युएनएससीले जम्मू र कश्मीरको द्वन्द्वको प्रभावले आतंकवादी गतिविधिहरूमा बढ्दो अन्तर्राष्ट्रिय चिन्ता थपिएको जनाइएको छ ।

आक्रमणप्रतिको जवाफदेहितामा जोड दिँदै युएनएससीले आक्रमणका जिम्मेवारहरूविरुद्ध निर्णायक कारबाही गर्न आह्वान गरेको छ । विज्ञप्तिमा न्याय सुनिश्चित गर्न अन्तर्राष्ट्रिय कानुन र विद्यमान सुरक्षा परिषद्को प्रस्तावअन्तर्गत सहयोग गर्न सबै राष्ट्रलाई आग्रहसमेत गरिएको छ । जानकारी साझा गर्ने, संदिग्धहरूलाई सुपुर्दगी गर्ने र आतंकवादी सञ्जाललाई आर्थिक सहयोग कटौती गर्नेजस्ता कुराहरू अपिलमा समावेश छन् । राजनीतिक, वैचारिक वा धार्मिक अभिप्रेरणाको प्रवाह नगरी आतंकवाद कुनै पनि परिस्थितिमा अन्यायपूर्ण रहेको विज्ञप्तिमा दोहोऱ्याइएको छ ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले मानवअधिकार र मानवीय दायित्वहरू लगायत अन्तर्राष्ट्रिय कानुनको आधारमा आतंकवादसँग लड्न सदस्य राष्ट्रहरूलाई आग्रह गरेको छ । संयुक्त राष्ट्रसंघको बडापत्रलाई आत्मसात् गर्दै परिषद्ले मौलिक स्वतन्त्रताको रक्षा गर्दै सुरक्षा खतराहरूलाई सम्बोधन गर्न कानुनी र समन्वित उपायहरूको आवश्यकतालाई जोड दिएको छ । *रासस⁄एएनआई*

### विकासोन्मुख देशहरूलाई विश्व बैंकका अध्यक्षको सुझाव–

# अमेरिकासँग व्यापार सम्झौता यथाशीघ्र अघि बढाउनुपर्छ



*वासिङ्टन–* विकासोन्मुख मुलुकहरूले यथाशीघ्र संयुक्त राज्य अमेरिकासँग व्यापार सम्झौता गर्नुपर्ने विश्व बैंकका अध्यक्षले शुक्रबार बताएका छन् ।

अजय बंगालाई एएफपीले यस वर्ष राष्ट्रपति डोनाल्ड ट्रम्पको कर कार्यान्वयन घोषणालाई अस्थायीरूपमा गर्ने निर्णयपछिको अनिश्चितताको बदलामा आयोजित विश्व बैंक र अन्तर ाष्ट्रिय मुद्रा कोषको वसन्त बैठकपूर्व लिएको अन्तर्वार्तामा उनको यो भनाइ आएको हो ।

'बैंकले विकासशील देशहरूलाई अमेरिकासँग छिटो सम्झौता गर्न र त्यसपछि व्यापार अवरोधहरू कम गर्न र वस्तुहरूको क्षेत्रीय प्रवाह बढाउन ध्यान केन्द्रित गर्न सल्लाह दिइरहेको छ,' बंगाले भने, 'अमेरिकासँग जतिसक्दो चाँडो व्यापार प्रणालीका लागि वार्ता गर्न आवश्यक छ । यदि ढिलो गरियो भने यसले सबैलाई दुःख दिन्छ ।'

ट्रम्पको करले वित्तीय बजारलाई तहसनहस बनाएको छ, अस्थिरता बढाएको छ र लगानीकर्ता र उपभोक्तालाई त्रसित बनाएको छ । जनवरीमा सत्तामा फर्केपछि अमेरिकी राष्ट्रपति ट्रम्पले अधिकांश देशहरूमा 'न्यूनतम (आधारभूत)' १० प्रतिशत कर लागू गरेका छन् । अमेरिकाले चीनमा भने यो भन्दा निकै धेरै कर लगाएको छ । अमेरिकाले स्टिल, एल्युमिनियम र संयुक्त राज्य अमेरिकामा निर्माण नगरिएका सवारीसाधन (कार) लगायतका क्षेत्रहरूमा २५ प्रतिशत क्षेत्र-विशेष कर लगाइएको छ ।

राष्ट्रपति ट्रम्पले अमेरिकासँग अनुचित व्यापार सन्तुलन भएको आरोप लगाउँदै दर्जनौं देशहरूमा धेरै उच्च दरमा करहरू लागू गरेका थिए । त्यसमध्ये अधिकांश निर्णयलाई अस्थायीरूपमा रोकिएको छ । बंगाले भने, 'बैंकको कार्यकारी बोर्डले जुनमा आफ्नो ऊर्जा रणनीतिमा छलफल गर्ने तयारी गरेको छ । सम्भवतः आणविक र ग्यास दुवैका लागि वित्तपोषण एजेण्डामा हुने छ ।'

बंगाले भने, 'केवल सम्पन्न अर्थव्यवस्थाहरूबाट रोजगारीको अवसर खोज्नेमात्र नभई बैंकले विकासशील देशहरूमा ठूलो निजी क्षेत्रको रोजगारी सिर्जनालाई प्रोत्साहित गर्न पनि जोड दिइरहेको छ । यसले विकासशील (उन्नत अर्थव्यवस्था) मा चुनौतीहरूको सामना गर्न र समस्या पहिल्याउन मानिसहरूले उनीहरूको बारेमा आफ्नो राय राखिरहेका छन् । *रासस⁄एएफपी*

# गाजामा पाँच वर्षे युद्धविरामका लागि सबै बन्धकको रिहा गर्ने हमासको प्रस्ताव

**कायरो–** गाजामा जारी युद्ध अन्त्यका लागि हमासले सबै बन्धकलाई रिहा गर्ने र इजरायलद्वारा पाँच वर्षका लागि युद्धविराम गर्ने सहमतिका लागि नयाँ प्रस्ताव अघि सारेको हमासनिकट एक अधिकारीले शनिबार बताएका छन् ।

हमासको एक प्रतिनिधिमण्डल इजिप्टका मध्यस्थकर्ताहरूसँग १८ महिना लामो युद्धबाट कसरी बाहिर निस्कने भन्ने विषयमा कायरोमा छलफल गरिरहेको छ । हमासका एक अधिकारीले नाम नबताउने सर्तमा एएफपीसँग भने, 'प्यालेस्टिनी लडाकु समूह 'एउटै चरणमा कैदीहरूको आदानप्रदान र पाँच वर्षका लागि युद्धविरामका लागि तयार रहेको छ ।'

युद्धविरामका लागि पछिल्लो प्रयास इजरायलको प्रस्तावपछि आएको हो, जसलाई हमासले यसै महिनाको सुरुमा 'आंशिक' भन्दै अस्वीकार गरेको थियो र यसको साटो सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणबाट प्रज्ज्वलित युद्ध रोक्न 'विस्तृत' सम्झौताको माग गरेको थियो । इजरायली प्रस्तावमा १० जना जीवित बन्धकहरूको फिर्तीको बदलामा ४५ दिनको युद्धविराम प्रस्ताव गरिएको छ ।

हमासले युद्धविराम सम्झौताले युद्ध अन्त्य गर्नुपर्ने, गाजापट्टीबाट इजरायली सेनाको पूर्ण फिर्ता हुनुपर्ने र घेराबन्दी गरिएको क्षेत्रमा मानवीय सहायता बढाउनुपर्ने माग गर्दै आएको छ । इजरायलले सन् २०२३ मा भएको आक्रमणमा समातिएका सबै बन्धकलाई फिर्ता गर्न र हमासको निःशस्त्रीकरणको माग गर्दै आएको छ ।

गाजामा दुई महिना लामो युद्धविरामपछि इजरायलले पुनःआक्रमण गरेको एक महिनाभन्दा बढी समयपछि हमासका एक अधिकारीले यसै साताको सुरुमा कायरोमा रहेको आफ्नो प्रतिनिधिमण्डलले युद्धविरामका लागि 'नयाँ विचार' बारे छलफल गर्ने बताएका थिए । *रासस⁄एएफपी*

# अमेरिकामा दादुराका बिरामी बढे

**लस एञ्जलस–** अमेरिकामा यस वर्षको पहिलो तीन महिनामा दादुराका ८८४ बिरामी भेटिएको पुष्टि भएको छ । गत वर्षको तुलनामा यो उल्लेखनीय वृद्धि हो । अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सिडिसी) ले शुक्रबार सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार सन् २०२५ मा अहिलेसम्म देशभर ११ वटा दादुराका प्रकोप देखिएका छन् । सिडिसीले प्रकोपलाई तीन वा तीनभन्दा बढी सम्बन्धित संक्रमणको रूपमा परिभाषित गरेको छ ।

अमेरिकाका ३० क्षेत्रका ९४ जना अस्पताल भर्ना भएका छन् भने तीन जनाको मृत्यु भएको छ । सन् २०२४ मा दादुराका कूल २८५ जनामा दादुरा देखिएको थियो भने सन् २०२४ को तुलनामा यस वर्ष दादुराका बिरामीको संख्यामा उल्लेख्य वृद्धि भएको छ । सडिसीले दादुराबाट बच्ने सबैभन्दा राम्रो उपाय भनेको खोप नै हो भन्ने कुरामा जोड दिएको छ । दादुरा, मम्प्स, रुबेलाजस्ता रोगबाट बच्न सम्बन्धित खोपको दुई मात्रा निकै प्रभावकारी हुन्छ । *रासस⁄एएनआई*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १८९६०० | प्रति तोला – ० | प्रति तोला – २०००



**कृषि औजार** | राष्ट्रिय आविष्कार केन्द्रले वीरगञ्जस्थित कृषि औजार कारखानामा अनुसन्धान र विकास गरेका विभिन्न थरिका कृषि औजार तथा उपकरणहरू। *तस्बिरः हिमाल लम्साल/रासस*

## बेइजिङमा नेपालको पर्यटन प्रवर्द्धन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनको राजधानी बेइजिङ्मा नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ। नेपाल पर्यटन बोर्डले बेइजिङमा आयोजित १८औं 'चाइना आउटबाउन्ड ट्राभल एन्ड टुरिजम मार्केट (कोटम-२०२५)' मार्फत नेपालका पर्यटकीय गन्तव्यहरू प्रस्तुत गर्दै चिनियाँ पर्यटकलाई नेपाल भ्रमणका लागि आग्रह गरेको हो। यही अप्रिल २४ देखि २६ सम्म नेसनल एग्रिकल्चरल एक्जिबिसन हलमा आयोजना भएको तीनदिने प्रदर्शनीमा करिब ५० देशका पर्यटन प्रतिनिधिहरू सहभागी थिए।

नेपालले हिमशृंखला, सांस्कृतिक सम्पदा र साहसिक पर्यटनका अवसरहरूलाई संगठित ढंगले चिनियाँ बजारमा प्रस्तुत गरेको बोर्डले जनाएको छ। बोर्डले चिनियाँ पर्यटकहरूका लागि नेपाललाई थप आकर्षक गन्तव्यका रूपमा उजागर गर्ने उद्देश्यले नेपालका गन्तव्य प्रदर्शन गरिएको उल्लेख गरेको छ।

कार्यक्रममा नेपालका लागि चीनस्थित नेपाली राजदूत डा कृष्णप्रसाद ओली, प्रथम सचिव मनहरी दंगाल र छेन्दुस्थित उप-महावाणिज्यदूत चिनामन सिंह बुढाथोकीले नेपालको स्टल अवलोकन गरेका थिए। उनीहरूले चिनियाँ पर्यटन व्यवसायीसँग भेटघाट गर्दै पर्यटन प्रवर्द्धन तथा आपसी सहकार्य विस्तारका विषयमा छलफल समेत गरेको बोर्डले विज्ञप्तिमार्फत जनाएको छ।

नेपालको स्टलमा परम्परागत वास्तुकला, सांस्कृतिक सम्पदा, जैविक विविधता र हिमाली दृश्यहरूलाई सुसज्जित गरी प्रदर्शन गरिएको थियो। साहसिक पर्यटन, प्राकृतिक भ्रमण र सांस्कृतिक अनुभवहरूका सम्भावनाहरूलाई विशेष रूपमा उजागर गरिएको थियो। यसका साथै नेपाली र चिनियाँ पर्यटन व्यवसायीहरूबीच अन्तरक्रिया हुँदै भविष्यमा सहकार्यका नयाँ सम्भावनाहरूका विषयमा छलफल गरिएको थियो।

बोर्डको रणनीतिक उपस्थितिले चिनियाँ बजारमा नेपालको पर्यटन छवि बलियो बनाउने अपेक्षा गरिएको छ। यस सहभागिताबाट चिनियाँ पर्यटक आगमन वृद्धि, पर्यटन व्यवसायीहरूबीच दीर्घकालीन सहकार्य विकास र नेपालको पर्यटन बजारमा नयाँ अवसर सिर्जना हुने विश्वास लिइएको छ।

चाइना आउटबाउन्ड ट्राभल एन्ड टुरिजम मार्केट (कोटम) चीनको प्रमुख बीटूबी पर्यटन प्रदर्शनी हो, जसले सन् २००५ देखि विश्वका विविध गन्तव्य र चीनका पर्यटन व्यवसायीहरूबीच सहकार्यको महत्वपूर्ण मञ्च प्रदान गर्दै आएको छ।

योजना आयोग प्रतिवेदन

# दिगो विकास लक्ष्य पूरा गर्न वार्षिक साढे सात खर्ब अपुग

■ प्रभाव संवाददाता

**काठमाडौं–** दिगो विकास लक्ष्य (एसडिजी) पूरा गर्न वार्षिक रु साढे सात खर्बभन्दा बढीको लगानी अपुग रहेको देखिएको छ। राष्ट्रिय योजना आयोगले तयार पारेको 'दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०८१' प्रतिवेदनअनुसार तोकिएको समयमा एसडिजी पूरा सन् २०३० सम्ममा हरेक वर्ष औसत रू ३० खर्ब २४ अर्ब लगानी आवश्यक पर्नेछ। यो अवधिमा रहेक वर्ष औसत रू २२ खर्ब ६९ अर्ब बराबर मात्रै स्रोत जुट्ने आयोगको अनुमान छ।




जसअनुसार वार्षिक औसत रू सात खर्ब ५५ अर्बको वित्तीय अन्तर देखिएको हो। यो वार्षिक छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दाको अवस्थामा देखिनसक्ने सम्भावित वित्तीय खाडल हो। तर, त्यो भन्दा न्यून आर्थिक वृद्धिदर देखिएमा वित्तीय अन्तर थप गहिरो देखिनेछ।

एसडिजी कार्यान्वयनका लागि सन् २०२४ देखि २०३० सम्ममा कुल रू २११ खर्ब ६५ अर्ब लगानी आवश्यक पर्ने अनुमान आयोगको छ। तर, सार्वजनिक, निजी, सहकारी तथा गैरसहकारी क्षेत्रबाट यो अवधिमा हुने कूल लगानीमा रू ५२ खर्ब ८५ अर्ब अपुग पर्ने देखिएको हो।

एसडिजी पूरा गर्न सार्वजनिक क्षेत्रबाट सन् २०३० सम्ममा कुल रू १३६ खर्ब ४७ अर्ब अर्थात् वार्षिक रू १९ खर्ब ५० अर्ब लगानीको आवश्यकता औंल्याइएको छ। तर सार्वजनिक क्षेत्रबाट मात्रै वार्षिक रू चार खर्ब २६ अर्ब अर्थात् सन् २०३० सम्ममा कुल रु २९ खर्ब ८१ अर्बको वित्तीय खाडल पूरा गर्न नसकिने देखिन्छ। त्यस्तै, निजी क्षेत्रबाट सन् २०३० सम्ममा रू ७२ खर्ब ७३ अर्ब लगानी आवश्यक पर्ने ठानिएकोमा रू २३ खर्ब चार अर्ब वित्तीय अन्तर देखिने अनुमान आयोगको छ। वार्षिक रूपमा लगानीको हिसाब गर्दा औसत १० खर्ब ३९ अर्ब लगानी आवश्यक पर्नेमा रू तीन खर्ब २९ अर्ब कम पर्न जाने देखिन्छ।

एसडिजी प्राप्त गर्नका लागि सहकारी तथा गैरसरकारी क्षेत्र र घरपरिवारबाट हुने लगानीको आङ्कलन आयोगले गरेको भएपनि यी क्षेत्रमा वित्तीय अन्तरको अनुमान गरिएको देखिँदैन। सहकारी तथा गैरसरकारी क्षेत्रबाट सन् २०३० सम्ममा रू एक खर्ब २६ अर्ब अर्थात् वार्षिक रू १८ अर्ब लगानीको अनुमान गरिएको छ। त्यस्तै घरपरिवारबाट सन् २०३० सम्ममा रू एक खर्ब १९ अर्ब अर्थात् वार्षिक औसत रू १७ अर्ब लगानी आवश्यक पर्ने ठानिएको छ।

यसरी एसडिजी कार्यान्वयनका लागि वित्तीय स्रोतको ठूलो अन्तर देखिएको औंल्याउँदै राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक अनिता पौडेल त्यसलाई पूर्ति गर्नका लागि उच्च अङ्कको आर्थिक वृद्धि, सबल वैदेशिक सहायता परिचालन, विभिन्न तहबीच समन्वय, कराधारमा हेरफेरजस्ता रणनीति अवलम्बन गर्न आवश्यक रहेको बताउँछिन्।

'एसडिजी लगानी आवश्यकता र उपलब्ध स्रोतहरूको विश्लेषणअनुसार सन् २०२४-३० को अवधिमा औसत कुल गार्हस्थ्य उत्पादनको ११ दशमलव १ प्रतिशतको वित्तीय अन्तर रहने देखिन्छ', पौडेल भन्छिन्, 'पूर्वाधार, दिगो शहर, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईजस्ता क्षेत्रमा सबैभन्दा ठूलो वित्तीय अन्तर देखिएको छ।'

गैरसरकारी संस्था, सहकारी र घरपरिवार क्षेत्रको योगदान तथा औपचारिक विकास सहायता (ओडिए) र प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) मा अनुमानित १० प्रतिशतको वृद्धि पछि पनि ठूलो वित्तीय अन्तर कायम रहने उनको भनाइ छ। एसडिजीको वित्तीय अन्तर पूर्ति गर्न बाह्य साझेदारहरूबाट विकास सहयोग बढाउन आवश्यक रहेको निर्देशक पौडेल बताउँछिन्।

दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सन् २०२४ देखि सन् २०३० सम्म औसतमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ दशमलव चार प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ। दिगो विकास लक्ष्यहरूमध्ये कुल लगानी आवश्यकताको सबैभन्दा ठूलो हिस्सा लक्ष्य-९ को कार्यान्वयनका लागि आवश्यक हुने आयोगले जनाएको छ।

दिगो विकास लक्ष्य-९ उद्योग, नवीन खोज र पूर्वाधार क्षेत्रसँग सम्बन्धित छ। यस क्षेत्रमा कुल लगानीको २४ प्रतिशत लगानी आवश्यक पर्ने जनाइएको छ। एसडिजी लक्ष्य-९ पूरा गर्नका लागि सन् २०३० सम्म कुल रू ५२ खर्ब सात करोड अर्थात् वार्षिक औसत रू सात खर्ब २८ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ। त्यसैगरी, लक्ष्य-७ अर्थात् स्वच्छ ऊर्जाका क्षेत्रमा कूल लगानीको १२ प्रतिशत अर्थात् सन् २०३० सम्ममा रू २५ खर्ब १४ अर्ब र लक्ष्य-१ अर्थात् गरिबी अन्त्यका लागि ११ प्रतिशत अर्थात् रू २५ खर्ब १५ अर्ब लगानी चाहिने आयोगको अनुमान छ।

लक्ष्य-२ (शून्य भोकमरी) का लागि हरेक वर्ष औसत रू एक खर्ब ५८ अर्ब, लक्ष्य-३ (स्वस्थ्य र समुन्नत समाज) का लागि रू दुई खर्ब ६४ अर्ब, लक्ष्य-३ (गुणस्तरीय शिक्षा) का लागि रू दुई खर्ब ९८ अर्ब र लक्ष्य-४ (लैंगिक समानता) का लागि रू छ अर्ब आवश्यक पर्ने देखिएको छ।

त्यस्तै, खानेपानी र सरसफाई (लक्ष्य-६) का लागि रू एक खर्ब ८२ अर्ब, मर्यादित श्रम र आर्थिक विकास (लक्ष्य-८) का लागि रू ८६ अर्ब, दिगो शहर र समुदाय विकास (लक्ष्य-११) का लागि रू दुई खर्ब २३ अर्ब, जलवायु कार्य (लक्ष्य-१३) का लागि रू २९ अर्ब र जमिन माथिको जीवन (लक्ष्य-१५) का लागि रू ५१ अर्ब र शान्ति तथा न्याय (लक्ष्य-१६) का लागि रू दुई खर्ब ९५ अर्ब लगानी आवश्यक पर्ने देखिएको छ।

## पर्यटन वर्षले बढायो कोशीमा चहलपहल

■ प्रभाव संवाददाता

**बेलबारी (मोरङ)–** प्रदेशको पर्यटन विकास र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ मनाइरहेको छ। छिमेकी मुलुक भारत र तेस्रो मुलुकबाट १५ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित सुरू गरिएको पर्यटन वर्षले प्रदेशवासीमा उत्साह थपेको छ। कोशीमा पर्यटन वर्ष सुरूसँगै, पर्यटकको चहलपहल बढ्न थालेको हो।



पर्यटकको चहलपहल बढ्दा पर्यटन तथा होटल व्यवसायीहरू उत्साहित भएका छन्। भारतको विहार राज्यबाट इलामको कन्याम घुम्न आएका कम्लेश शर्मा भन्छन्, 'नेपाल वास्तवमै स्वर्गको टुक्रा रहेछ सुनेकोभन्दा पनि धेरै राम्रो लाग्यो, साथीहरूसँग नेपाल घुम्न आएको दुई दिन भयो एक साता बसेर मात्र फर्कने योजना बनाएका छौँ।'

कोरोना महामारीपछि थलिएको पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ कार्यक्रम ल्याएको हो। 'हामी होटल व्यवसायी एकदमै खुसी छौं, आशा छ पर्यटन वर्ष २०८२ ले कोरोना माहामारीपछि थलिएको होटल व्यवसाय अब चलायमान हुनेछ', होटल एसोसिएसन भेडेटारका अध्यक्ष तुमराज लिम्बूले भने।

यहाँ विशेषगरी भारतीय पर्यटक आउनेगरेका छन्। भन्सार पास भएर आइसकेका भारतीय पर्यटकलाई बढिमात्रामा चेकजाँचको झन्झट हुने गरेको गुनासो आइरहेकामा हाल पर्यटन वर्षलाई लक्षित गरेर सीमानाकामा पर्यटकीय सवारीसाधनलाई स्टिकर टाँसेर सहज बनाउको अध्यक्ष लिम्बू बताउँछन्। कोशी प्रदेश सरकारले सीमानाकामा पर्यटकीय सवारीसाधनलाई स्टिकर टाँस्न सुरू गरेको छ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भारतीय सवारीसाधनमा पर्यटन वर्षको स्टिकर टाँसेर अभियानको सुरूआत गरेका थिए। पर्यटकलाई सहज होस् भनेर यो अभियान सुरू गरेको प्रदेश सरकारले जनाएको छ। दैनिक १०० को हाराहारीमा भारतीय पर्यटकको सवारी भेडेटार आइरहेको बताउँदै अध्यक्ष लिम्बूले भेडेटार र आसपासमा १५ देखि २० हजार पर्यटकलाई राख्न सकिने व्यवस्थित होटल तथा होमस्टे रहेको उनको भनाइ छ।

गत सालभन्दा यो साल सुरुआती दिनमै आन्तरिक पर्यटकको चहलपल बढेको अनुमान गर्न सकिने धनकुटा साँगुरीगडी-६ नाम्जेका होमस्टे सञ्चालक नगेन्द्र मगरले बताए। अरू दिनभन्दा शुक्रबार र शनिबार पर्यटकको चाप बढी हुने यस ठाउँमा अरू दिनमा पनि पर्यटकको चाप बढ्न थालेको उनको भनाइ छ।

नाम्जे थुम्की सामुदायिक होमस्टे व्यवस्थापन समितिअन्तर्गत १९ वटा घर आबद्ध रहेको र ती घरमा ९० देखि १०० जनासम्म राख्न सकिने उनको भनाइ छ। पछिल्लो समय आन्तरिक पर्यटन गर्नेको संख्या बढेको बताउँदै घुम्नका लागि गाडी भाडामा जाने गरेको यातायात व्यवसायी मोरङ बेलबारी-९ का नगेन्द्र भट्टराईले बताए।

कोशी प्रदेश सरकारले निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन वर्ष २०८२ सञ्चालन गरिरहँदा प्रदेशको समग्र आर्थिक क्षेत्र चलायमान हुने र यो कार्यक्रम सफल बनाउन सबै आ-आफ्नो ठाउँबाट लाग्नुपर्ने नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत बताउँछन्।

चैत २७ गते गुराँसको राजधानी मानिने तेह्रथुमको तीनजुरे मिल्केमा उपप्रधानमन्त्री प्रकाशमान सिंहले पर्यटन वर्ष उद्घाटन गरेका थिए। पर्यटन वर्षमा विशेषगरी धार्मीक, प्राकृतिक, सांस्कृतिक पर्यटक कोशी घुम्न आउने कोशी पर्यटन वर्ष २०८२ का सहसंयोजक भविष श्रेष्ठ बताउँछन्। उनका अनुसार धार्मिक, प्राकृतिक, सांस्कृतिकसँगै शिक्षा, स्वास्थ्य, खेलकुदलगायत क्षेत्रका पर्यटक यहाँ आउने गरेका छन्।

**हावाहुरीबाट जोगिने उपाय**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामाग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामाग्रीहरु खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारीसाधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं।

**हावाहुरी रोक्न सकिँदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ